का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ जेठ २०८१,
मंगलबार
4 June 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ११२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# न्युरोडको फुटपाथमा राजनीति

फुटपाथ बढाउने र बढाउन नदिने भनेर महानगरपालिका र संघीय सरकार मातहतको सडक डिभिजन कार्यालयले राजनीति गर्दा न्युरोडस्थित सडकमै तनावपूर्ण अवस्था देखा परेको हो ।



बालेनहरू, नयाँ जेनेरेसन आएका छन् । उसलाई केही गरौं भन्ने हुटहुटी छ । हामीले काम गर्न दिनुपर्छ ।

■ डा. चन्द्रकान्त भण्डारी
सांसद, कांग्रेस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ जेठ ।

सोमबार काठमाडौंको न्युरोडमा संघीय सरकार र काठमाडौं महानगरका प्रहरी आमुनेसामुने भए । कारण -थियो, न्युरोडमा काठमाडौं महानगरपालिका फुटपाथ बढाउन चाहन्छ । तर, सडक डिभिजन कार्यालय काठमाडौं महानगरको योजना रोक्न चाहन्छ । काठमाडौं महानगरले फुटपाथ बढाउन सडक काट्यो । सडक डिभिजन कार्यालयले महानगरले काटोको सडक टाल्न गएपछि विवाद भएको हो । महानगरले काटेको सडकमा सडक डिभिजन >>> पृष्ठ २ मा



# ओलीले खोजे साथ, माधवले सम्मान

मधेशमा केपी ओलीले माधव नेपालको र सुदूरपश्चिममा नेपालले ओली र प्रचण्डको साथ खोजेका छन् । यसका अलावा राजनीतिक भागबण्डामा आफ्नो सम्मानजनक उपस्थिति हुनुपर्ने नेपालको शर्त छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ जेठ ।

अल्पमतमा परेका मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले बुधबार विश्वासको मत लिँदैछन् । त्यसअघि एकीकृत समाजवादीलाई सरकारबाट फिर्ता गराउन नेकपा एमाले र माओवादी केन्द्रले प्रयास गरिरहेको छ ।

यही विषयलाई लिएर सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री प्रचण्ड, एमालेका अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालबीच पटक-पटक सामुहिक र छुट्टाछुट्टै छलफल भयो । तर, निष्कर्ष निस्कन सकेको छैन ।

मधेश प्रदेशमा अघिल्लो सत्तागठबन्धन अनुसार एकीकृत समाजवादी जसपा नेपालका सरोज यादव नेतृत्वको सरकारमा सहभागी छ । एमाले र माओवादीले नयाँ गठबन्धन अनुसार सरकार छाडेपनि एकीकृत समाजवादीले सरकार छाडेको छैन ।



मधेशमा कुरा नमिल्दा सुदूरपश्चिम प्रदेशमा एकीकृत समाजवादीका दीर्घबहादुर सोडारीले मन्त्रीमण्डल विस्तार गर्न सकेका छैनन् ।

नेताहरुका अनुसार एमालेले मधेशमा एकीकृत समाजवादीको साथ र सुदूरपश्चिममा एकीकृत समाजवादीले एमाले र माओवादीको साथ खोजिरहेको छ । छन् । तर नेताहरूबिच सोमबार दिनभर भएको वार्ता समतिमा पुग्न सकेको छैन ।

१०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठन गर्न प्रदेशसभाका ५४ सांसदको समर्थन आवश्यक पर्छ ।

मधेश प्रदेशमा संघीय सत्ता गठबन्धनअनुसार बनाउन एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनमत, नागरिक उन्नमुक्ति पार्टीको कुल ५५ सांसद पुग्छ । एकीकृत समाजवादीले साथ नदिए गठबन्धनको सरकार नबन्न सक्छ ।

प्रदेशसभामा एमालेका सभामुखसहित २५, कांग्रेसका २२, जसपा नेपालका १९, जनमत पार्टीका १३, >>> पृष्ठ २ मा

# अनावश्यक रकमान्तर

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, २१ जेठ ।

सरकारका विभिन्न निकायले जथाावी रकमान्तर गर्ने गरेको पाइएको छ । सुरुमा अवास्तविक बजेट ल्याउने र आर्थिक वर्षको अन्त्यतिर नियमविपरीत ठूलो रकम रकमान्तर गर्ने गरेको देखिएको हो । ऐन र कानूनविपरीत अर्थमन्त्री र सांसदको रुचीका क्षेत्रमा अनावश्यक रूपमा अनियमित रूपमा रकमान्तर हुने गरेको महालेखा परीक्षक कार्यालयका प्रतिवेदनहरूले देखाएका छन् ।

गत आर्थिक वर्ष २०७९/०८० मा पनि जम्मा बजेटको ५ दशमलव ३१ प्रतिशत रकमान्तर भएको छ । उक्त आर्थिक वर्षमा १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख कूल बजेटमध्ये ९५ अर्ब २९ करोड ७४ लाख बजेट रकमान्तर भएको देखिन्छ । यसमध्ये असार महिनामा २३ अर्ब १० करोड ६५ लाख र असार अन्तिम हप्तामा १३ अर्ब ८१ करोड ९९ लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थपघट भएको तथ्यांक छ ।

बजेट विनियोजन गर्दा व्यवस्था नभएका विभिन्न १६ वटा कार्यक्रममा रकमान्तर गरी १५ अर्ब ४९ करोड ९० लाख बजेट कायम गरेकोमा ८ अर्ब २७ करोड ६० लाख (५३ दशमलव ४० प्रतिशत) खर्च गरेको छ । त्यसैगरी उक्त वर्षमा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट राष्ट्रिय गौरवका आयोजनाबाहेक अन्य ५१ वटा आयोजनामा रकमान्तर गरेको देखिन्छ ।

स्रोतकाअनुसार चालू आर्थिक वर्षमा पनि विभिन्न १७ मन्त्रालय तथा निकायले एक अर्ब ६३ करोड बजेट रकमान्तर गरेका छन् भने १० वटा निकायले दुई अर्ब ६३ करोड रकमान्तर गर्ने तयारी गरेका छन् । यसका लागि विभिन्न कार्यक्रम नै संशोधन गरेका छन् ।

महालेखापरीक्षकको कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ मा कूल बजेटको १२.०३ प्रतिशत रकम रकमान्तर भएको थियो । सो आर्थिक वर्षका लागि कूल १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख बजेट विनियोजन भएकोमा १ खर्ब ९६ अर्ब ४१ करोड ४८ लाख ८४ हजार रुपैयाँ रकमान्तर भएको तथ्यांक छ ।

त्यसमध्ये असार महिनामा ८२ अर्ब ८० करोड ६७ लाख ८५ हजार र असारको अन्तिम हप्तामा २६ अर्ब ९९ करोड ६९ लाख ७१ हजार रकमान्तर गरी विभिन्न उपशीर्षकमा रकम थप गरिएको महालेखापरीक्षकले प्रतिवेदनमा उल्लेख गरिएको छ ।

खर्च गर्न नमिल्ने र नसकिने अवस्थामा समेत रकमान्तर हुँदा वित्तीय समस्या देखिएको महालेखापरीक्षकले प्रतिवेदनमा उल्लेख गरेको छ । स्वीकृत कार्यक्रमहरू रितबमोजिम असारको तेस्रो साताभन्दा पछाडि खर्च एवं भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने सुझाव महालेखाको छ ।

यसरी जथाभावी गरिने रकमान्तरले वार्षिक बजेट विनियोजन नै अर्थहीन हुने अर्थविद्हरूको टिप्पणी छ ।

पूर्व प्रशासक युवराज भुषाल भन्छन्, 'यस्तो जथाभावी रकमान्तर कसैको इन्ट्रेष्टमा हुने हो । यसले आर्थिक अनुशासनहीनताबाहेक केही गर्दैन ।'

अर्थविद् चन्द्रमणि भट्टराइले पनि अनावश्यक रूपमा रकमान्तर गर्नु राम्रो नभएको टिप्पाी गरेका छन् । उनले भने, 'परियोजनामा थप बजेट नभई नहुने अवस्था छ भनेचाहिँ रकमान्तर गर्न पाइन्छ । तर, कानूनविपरित >>> पृष्ठ २ मा

# वैदेशिक रोजगार विशेष

## 'श्रमिकले रोजगारी र रोजगारदाताले श्रमिक नपाउने अवस्थाको अन्त्य गर्न रोजगार मेला'

**मध्यान्ह संवाददाता**
पोखरा, २१ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले आगामी वर्षदेखि पालिकास्तरमा रोजगार मेलाको आयोजना गर्ने बताएका छन् । सोमबार गण्डकी प्रदेशको पोखरामा शुरु भएको 'श्रमाधान रोजगार मेला'को उद्घाटन गर्दै मन्त्री अर्यालले रोजगारीको खोजीमा रहेका श्रमिक र रोजगारदाताबीच समन्वय गर्न मन्त्रालयले रोजगार मेलाको आयोजना गरेको बताए । उनले हाल प्रदेश राजधानीमा आयोजना गरिएको मेला आगामी वर्षदेखि पालिकास्तरमा लगिने बताए ।

बिनाबजेट छोटो अवधिमा नै मेला गरेकाले यसपटक कतिपयलाई कार्यक्रममा सहभागी गराउन नसकेको भन्दै मन्त्री अर्यालले आगामी दिनमा तीन वटै सरकार मिलेर पालिकास्तरमा नै मेला गर्ने प्रतिबद्धता जनाए ।

नेपालमा एकातिर रोजगारी नपाउने र अर्कोतिर रोजगारदताले श्रमिक नपाउने अवस्थालाई अन्त्य गर्न रोजगार मेलाले सहयोग गर्ने बताउँदै मन्त्री अर्यालले श्रमिक र रोजगारदाताबीचको खाडललाई अन्त्य गर्न यस्तो मेलाले सहयोग गर्ने बताए ।

श्रमाधान रोजगार मेलाले एक खालको शुरुवात भएको भन्दै आगामी दिनमा यस्ता खालका कार्यक्रमले रोजगारीका क्षेत्रमा राम्रो हुने उनले बताए । मन्त्री अर्यालले दुईदिने मेलाले वैदेशिक रोजगारीमा जानेहरुलाई समेत धेरै जानकारी मिल्ने दाबी गरे ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपालमा देखिएको बेरोजगारी समस्याले संविधानको स्थायित्वबारे पटक-पटक प्रश्नहरु उठिरहेको भन्दै बेरोजगारी समस्याको समाधान हुन जरुरी रहेको बताए । मुख्यमन्त्री पाण्डेले कृषिमा आधारित रोजगारी दिलाउन नसकेको भन्दै गत वर्ष कृषिका लागि प्रदेश सरकारले ठूलो योजना अघि बढाएको, तर त्यो सफल हुन नसकेको उल्लेख गरे ।

गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री विन्दुकुमार थापाले मेलाले रोजगारी खोज्नेहरुलाई रोजगारदातासम्म पुऱ्याउने पुलको काम गर्ने बताए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको संयुक्त आयोजना तथा होटल संघ नेपाल (हान)को संयोजन रहेको मेलाको सह-आयोजकमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघलगायतका सरोकारवाला संस्थाहरु रहेका छन् ।

मेलामा विभिन्न खालका ३९ वटा स्टलहरु राखिएका छन् । मेलामा आप्रवासी स्रोत केन्द्र, वैदेशिक रोजगार विभाग, बोर्ड, सीजी ग्रुप, सामाजिक सुरक्षा कोष, एनएमबि बैंक, पोखरा महानगर, होङ्सी सिमेन्ट, नेपाल उद्योग वाणिज्य महासंघ, होटल सरोवर, नेपाल उद्योग परिसंघलगायतका विभिन्न खालका स्टलहरु रहेका छन् ।

### लोकतान्त्रिकका नवनिर्वाचितलाई संघमा स्वागत



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याहरुको समाधानका लागि हातेमालो गर्न नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको नवनिर्वाचित कार्यसमितिलाई आग्रह गरेका छन् । एशोसिएसनको नवनिर्वाचित कार्यसमितिलाई सोमबार संघ कार्यालयमा स्वागत गर्दै अध्यक्ष भण्डारीले उक्त आग्रह गरेका हुन् ।

सेवा शुल्क परिमार्जन, वैदेशिक रोजगारीमा जाने कामदारको लागतको एकिन र परिभाषित, व्यवसायी भलाइ कोष, संघको भवनलगायतका विषयलाई संघले प्राथमिकतामा >>> पृष्ठ २ मा

**Vacancy Announcement**

One of the reputed recruitment company is seeking for following applicants.

Recruitment Manager - 2 Female

Good Looking
Fluent English and Hindi
Height 5.5"
Good communication skills

Salary 500 KD Food and Accommodation Provided by company
Kuwait Office मार्केटिङको लागि गाडिको सुविधा पनि हुने व्यवस्था रहेको छ ।

**Requirements:**

- Manpower field 2 Year work experienced prefer.
- Minimum Qualification Bachalor Degree

PRO- 3 (Male/Female) Salary Negotiable

For PRO education 10 pass
Experience min 2 yrs in related field

*Interested candidates with experienced in the related field may apply their application with covering letter*
*Send CV in Whatsapp No 9851066096*

Sinamangal-9, Kathmandu, Tel No:5913085/5914085
Email: rabindra.precious@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२२ जेठ २०८१, मंगलबार
4 June 2024, Tuesday

# गोदावरीका पूर्वप्रमुख र उपप्रमुखविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललितपुरको गोदावरी नगरपालिकाका तत्कालिन नगरप्रमुख गजेन्द्र महर्जन र उपप्रमुख मुना अधिकारीसहित नौजना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

राजस्व चुहावट गरी भ्रष्टाचार गरेको अभियोगमा उनीहरुविरुद्ध मुद्दा दायर गरिएको हो । नगरपालिकाको आर्थिक वर्ष २०७९/८० मा



खानीजन्य वा नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको बोलपत्र आह्वान एवम् ठेक्का सम्झौता गर्दा कानुन विपरित काम गरेको आयोगको अनुसन्धानले देखाएको छ । आयोगले नगरप्रमुख महर्जनविरुद्ध २६ करोड ६३ लाख ३७ हजार बराबर भ्रष्टाचार गरेको अभियोग लगाएको छ । यस्तै उपप्रमुख अधिकारीविरुद्ध पनि समान बिगो दाबी गरिएको छ ।

नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रविन कोइराला, राजस्व शाखा प्रमुख श्रीकण्ठ घिमिरे, कर्मा कन्स्ट्रक्सन र त्यसका सञ्चालक रवि महर्जन, निराकार ढुंगा रोडा उद्योगका सञ्चालक मधुसुदन डोटेल, मछिन्द्रनाथ मल्टीप्रपोजका सञ्चालक केदारनाथ तिमल्सेना, सजिलो रोडा उद्योगका सञ्चालक शशिराज शाही र वीरेन्द्र महर्जनविरुद्ध पनि समान बिगो दावी गरिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए ।

# किशोरीहरुलाई जीवनोपयोगी सीपसम्बन्धी तालिम प्रदान

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २१ जेठ

बर्दियाको गेरुवा गाउँपालिकाका किशोरीहरुलाई जिवनोपयोगी सीपसम्बन्धी तालिम प्रदान गरिएको छ । प्लान इन्टरनेशनल नेपालको सहयोगमा सञ्चालित बाल विवाह न्यूनीकरण परियोजनाअन्तर्गत गाउँपालिकाको सहकार्य तथा भेरी वातावरणीय विशिष्टता समूह (वि ग्रुपको) आयोजनामा जीवनोपयोगी सीपसम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको हो ।

किशोरी तथा युवाहरूलाई जीवनमा आइपर्ने विभिन्न समस्याहरूलाई समाधानका लागि आवश्यक पर्ने निर्णय गरी समस्या समाधान गर्ने, तनाव व्यवस्थापन, प्रभावकारी सञ्चार, सम्झौता गर्ने




सीप, वित्तीय सीप स्तरका सीप प्रदान गर्दै सहज व्यक्तित्व विकास गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको समूहका फिल्ड सुपरभाइजर ज्ञानबहादुर चौधरीले बताए ।

तालिमले किशोरी तथा युवाहरुलाई समय परिवर्तनसँगै बढ्दो चाहनालाई मध्यजनर गर्दै उनीहरुको क्षेत्रमा रोजगारी, स्वरोजगारी, उद्यमशीलता साथै सांस्कृतिक, सामाजिक तथा आर्थिक हिसाबले सक्षम जीवन जीउनका लागि प्रेरित गर्ने चौधरीले बताए ।

तालिमपश्चात सहभागीहरुले तालिमबाट आफूहरुले १० वटा जीवनोपयोगी सीपको जानकारी पाएको बताउँदै यी सीपको प्रयोग गरी आफ्नो जीवन सक्षम बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

तालिम समापनको अवसरमा गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह केसीले तालिमबाट सिकेका कुराहरुलाई व्यवहारमा उतार्न आग्रह गरे । वालविवाह परियोजना सञ्चालित क्षेत्रका १८ वर्षदेखि २४ वर्ष उमेर समूहका किशोरीहरुलाई लक्षित गरी तालिम लिन इच्छुकहरुबाट आवेदन संकलन गरेर छनोटमा परेका १३ जनालाई तालिममा सहभागी गराइएको थियो ।

शान्तिबजारस्थित एक होटलमा ४ दिनसम्म चलेको तालिमको सहजीकरण समूहका फिल्ड सुपरभाइजर ज्ञानबहादुर चौधरी, सुनिता चौधरी, सन्तोष चौधरी तथा रोजगार प्राविधिक संयोजक मिना खड्काले गरेका थिए ।

# फुल्चिङमा मनाइयो जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवस

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २१ जेठ

मंगलबार जातीय छुवाछुत उन्मूलन राष्ट्रिय दिवस देशभर जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाइएको छ । २१ जेठ २०६३ मा नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको सम्झनामा २०६८ देखि यो दिवस मनाउन शुरु गरिएको हो ।

त्रिपुरासुन्दरी नगरपालिका-६ फुल्चिङमा वातावरणीय कृषि तथा विकास केन्द्र (केड)को आयोजनमा विविध कार्यक्रम गरेर दिवस मनाइएको छ । सोमबार फुल्चिङस्थित मुकुटेश्वर माध्यमिक विद्यालयको प्राङ्गणमा विभिन्न सरोकारवाला निकायको उपस्थितिमा सांस्कृतिक कार्यक्रम गरेर दिवस मनाइएको केडका संयोजक उमाकान्त भुसालले जानकारी दिए ।

कार्यक्रमको शुरुवातमा फुल्चिङ गाउँमा विभिन्न नाराका प्लेकार्डसहित गाउँ परिक्रमा गरिएको थियो । झण्डै डेढ सय घरधुरी रहेको उक्त गाउँमा दलित समुदायको मात्रै करिब ४५ घरधुरी रहेका छन् ।

सरकारले नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको १८ वर्ष पूरा भइसके पनि डोल्पामा यसको न्यूनिकरण भने हुन सकेको छैन । नेपालको संविधानको प्रस्तावनामाः वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समानतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकलाई व्याख्या एवम् व्यवस्था गरिएको छ ।

संविधानको धारा ४० मा दलितको हकलाई व्यवस्था गरिएको छ । राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ, दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ उल्लेख छ ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय करबगाडका इन्चार्ज अर्जुन सिंह ठगुन्नाले यदि कसैले जातीय छुवाछुत गरेको पाइए ३ वर्ष जेल सजाय हुने जानकरी दिए । कानूनभन्दा माथि कोही नभएको र यदि कसैले कानूनभन्दा माथि रहेर भेदभावजन्य काम गरे त्यसको सजाय भोग्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा दलित समुदायका महिलाले आफूले भोगेका समस्याहरु गीत, कमिक, नाटक मार्फत प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि वडा नं ६ का अध्यक्ष देवेन्द्र चलाउनेले शताब्दीऔंसम्म विभेद र अन्यायको शिकार भएका दलित समुदायलाई शिक्षा, स्वास्थ्य र रोजगारको क्षेत्रमा अगाडि बढाउन आफ्नो वडा तल्लीन रहेको बताए । वडाभित्र कसैले छुवाछुत गरेको थाहा पाए कानूनअनुसार कारबाहीको दायरामा ल्याउने उनले बताए ।

त्यहाँका दलित समुदायले आफ्नो गाउँ ठाउँमा यस्ता कार्यक्रम ल्याइ जनचेतना फैलाउने काम गरेकोमा केड परिवारलाई धन्यवाद दिएको छ । केडले विगत केही वर्षदेखि जातीय छुवाछुतविरुद्ध आवाज उठाउँदै आइरहेको छ । डोल्पामा केडले दलित समुदायको आयआर्जनका लागि समेत काम गर्दै आइरहेको छ ।

कार्यक्रममा वडा अध्यक्ष चलाउने, इलाका प्रहरी कार्यालय खदाङका इन्चार्ज ठगुन्नासहितको प्रहरी टोली, नगर कार्यपालिका सदस्य मनरुपा विक, गाउँस्थित बुद्धिजीवी, वडा सदस्य, समाजसेवी, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

**न्युरोडको...**

कार्यालयले पिच गरिरहेको बेला महानगरपालिकाले रोक्न खोजेपछि विवाद भएको हो । उनीहरूले त्यहाँ नाराबाजी नै गरे । काठमाडौं महानगरपालिकाले न्युरोड गेटदेखि जुद्ध सालिकसम्म सवारी साधन गुड्ने क्षेत्र घटाएर फुटपाथ थप्न सडक काटेको थियो । तर, संघीय सरकारको मातहत उक्त सडक महानगरले अनुमतिबिना भत्काएको भन्दै सडक डिभिजन कार्यालय काठमाडौंले रोकेको थियो ।

सडक डिभिजन कार्यालय काठमाडौंले पत्र पठाएर २ दिनभित्र यथास्थितिमा पुनःस्थापना गरिदिनू भनेको थियो । तर महानगरपालिकाले सडक नबनाएपछि सोमबार कार्यालय कालोपत्र गर्न पुगेको थियो ।

फुटपाथ बढाउने र बढाउन नदिने भनेर महानगरपालिका र संघीय सरकार मातहतको सडक डिभिजन कार्यालय राजनीति गर्दा सडकमै तनाव भएको हो । महानगरपालिकाबाट ठेक्का पाएका ठेकेदार कम्पनीले न्युरोड क्षेत्रमा सडकको पिच गत १२ जेठमा काटेपछि सडक डिभिजन कार्यालय काठमाडौंको टोलीले अनुमति विना सडकको पिच काटेको भन्दै पिच कटर नै जफत गरेको थियो ।त्यसपछि काठमाडौं महानगरपालिकाले सडक विभाग र डिभिजन सडक कार्यालय काठमाडौं बाहिरको सडकमा धुलो थुपारिदिएको थियो । त्यसपछि डिभिजन सडकले पिच आफैं टालिदिन काठमाडौं महानगरपालिकालाई पत्र पठाएको थियो । महानगरले बेवास्ता गरेपछि सोमबार डिभिजन सडक कार्यालय आफैं पिच टाल्न जाँदा विवाद भएको हो । सडकको टोलीले पिच टालेको थाहा पाएपछि नगर प्रहरी बल प्रमुख राजुनाथ पाण्डे, पूर्वी क्षेत्र कमाण्डर एसपी दिनेश अर्याल, अर्का एसपी मनोज लामिछाने सहित करिब एक सय नगर प्रहरीको टोली न्युरोड पुगेको थियो । नगर प्रहरीका समर्थनमा केही स्थानीय समेत पुगेका थिए ।

नगर प्रहरी प्रमुख पाण्डेले महानगरको काममा हस्तक्षेप नगर्न आग्रह गरेका थिए । तर सडक विभागका इन्जिनियरहरुले आफूहरुले सडक विभागको निर्देशनअनुसार काम गर्ने जवाफ दिए । नेपाल प्रहरीको तर्फबाट खटिएका डीएसपीले पनि जसरी पनि पिच टाल्ने निर्देशन भएकाले नगर प्रहरीलाई फर्किन आग्रह गरे । अडिदाँ तनावकै स्थिति आउने भएपछि नगरप्रहरीहरु फर्किएका हुन् । नगरप्रहरी फर्किएका कारण न्युरोडमा देखा परेको तनाव थप अगाडि बढ्न पाएन । यो कदमका विषयमा कानुनी उपचार खोज्ने महानगरपालिकाले जनाएको छ । न्युरोडको फुटपाथमा भएको राजनीतिबारे संघीय सांसदहरु पनि बोल्न थालेका छन् । प्रमुख प्रतिपक्ष दल कांग्रेसका सांसद डा. चन्द्रकान्त भण्डारीले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहलाई काम गर्न दिनुपर्ने मत राख्छन् । सोमबार संसद भवन नयाँबानेश्वरमा पत्रकारहरुसँग कुरा गर्दै मेयर शाहमा केही गरौं भन्ने हुटहुटी रहेकाले काम गर्न दिनुपर्ने बताए । 'बालेनहरू नयाँ जेनेरेसन आएका छन् । उसलाई केही गरौं भन्ने हुटहुटी छ । हामीले काम गर्न दिनुपर्छ' उनले भने । सांसद भण्डारीले आफू नयाँ पुस्तालाई काम गर्न दिनुपर्छ भन्ने पक्षमा रहेको बताए ।

**ओलीले...**

नेकपा माओवादी केन्द्रका ९, लोकतान्त्रिक समाजवादी पार्टीका ९, नेकपा एकीकृत समाजवादीका ७ तथा राप्रपा, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीका १-१ सांसद रहेका छन् । मधेश प्रदेश सरकार जनमत पार्टीको नेतृत्वमा गठन गर्ने सहमति भने एमाले र माओवादीबीच भइसकेको छ । जनमतका अध्यक्ष डा. सीके राउतको उपस्थितिमा बैठक बसेको थियो । मन्त्रालय बाँडफाँट आपसी सहमतिमा गर्ने निर्णय पनि भएको छ । उनीहरुबीच भएको लिखित सहमतिमा तीन दलका नेताहरुले हस्ताक्षर गरेका छन् ।

**अनावश्यक...**

चालु बजेट छ भने चालु र पुँजीगत छ भने पुँजीगत शीर्षकमा पनि १० प्रतिशतभन्दा बढी रकमान्तर हुनु भएन ।'

**लोकतान्त्रिकका...**

राखेको भन्दै अध्यक्ष भण्डारीले व्यवसायीका यी विषयमा सहकार्य जरुरी रहेको बताए ।

एशोसिएसनका अध्यक्ष दीपक थापाले व्यवसायीका समस्या समाधानका लागि संघले अघि बढाउने एजेन्डामा सहकार्य गर्न एशोसिएसन तयार रहेको भन्दै तत्कालीनरूपमा संख्या सयको समस्याबाट बहुसंख्यक व्यवसायी पिरोलिन थालेकाले उक्त समस्या समाधानका लागि संघका तर्फबाट उच्चतम प्रयास हुनु आवश्यक रहेको धारणा राखे । अध्यक्ष थापाले संघ वैदेशिक रोजगार ऐनले चिनेको संस्था भएकाले समस्याको समाधानका लागि संघको पहल बढी प्रभावकारी र निर्णायक हुने स्मरण गराए । एशोसिएसनका महासचिव महेश कुमार बस्नेतले पनि लामो समयदेखि थाँती रहेका समस्या समाधानका लागि संघको सक्रियता जरुरी रहेको धारणा राखे । संघका महासचिव मेघनाथ भुर्तेलले एशोसिएसन राजनीतिक प्रकृतिको संस्था भएपनि व्यवसायीका समस्या समाधानका लागि राजनीतिक दृष्टिकोण नराखी सहकार्य गर्न आग्रह गरे । संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री कुमारले सरकारी अस्थिर नीति निर्णयका कारणले वैदेशिक रोजगार व्यवसाय पेचिलो अवस्थाबाट गुज्रिएको भन्दै व्यवसायीका मुद्दामा संघसंस्थाहरूको एउटै दृष्टिकोण हुनुपर्नेमा जोड दिए । कार्यक्रममा संघ तथा एशोसिएसन कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

# बझाङको उरैं नाका असार १६ देखि सञ्चालनमा आउने

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २१ जेठ

बझाङको उरैं नाका सञ्चालनमा आउने भएको छ । आगामी असार १६ गतेदेखि चीनको तिब्बतसँग जोडिएको उरैं नाका सञ्चालनमा आउने भएको बझाङका प्रमुख जिल्ला अधिकारी विश्वामित्र कुइकेलले बताए । चीनको तिब्बतका सुरक्षा अधिकारी र नेपालका तर्फबाट बझाङका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरुसँग केही दिन अगाडि भएको भर्चुअल दुईपक्षीय कुराकानीपछि असार १६ गतेदेखि उरैं नाका सञ्चालनमा आउन लागेको हो । सुरक्षा निकायका प्रमुखहरुले चिनियाँ सुरक्षा अधिकारीसँग भर्चुअलमा नाका सञ्चालन गर्ने विषयमा कुराकानी भएको प्रमुख जिल्ला अधिकारी विश्वामित्र कुँइकेलले जानकारी दिए । जिल्ला प्रशासन कार्यालयमा सोमबार पत्रकार सम्मेलन गर्दै प्रमुख जिल्ला अधिकारी कुँइकेलले सीमानाकाको सुरक्षा व्यवस्था र चिनियाँ अधिकारीहरुबीच भएको कुराकानीको बारेमा जानकारी गराएका थिए ।

प्रमुख जिल्ला अधिकारी कुँइकेलका अनुसार उरैं नाकाले सीमा क्षेत्रमा रहेका नागरिकहरुको जीवनस्तर माथि उकास्न र दुई देशको व्यापारिक सम्बन्ध बढाउने विश्वास लिइएको छ । हालसम्म जिल्ला प्रशासन कार्यालय बझाङबाट ५ जनाले पास लिएका छन् ।

**उरैं नाका र सीमा स्तम्भको अनुगमन**

चीनको तिब्बतसँग जोडिएको उरैं सीमानाका क्षेत्र र सीमा



स्तम्भको सशस्त्र प्रहरीको टोलीले अनुगमन गरेको छ । कोरोना सङ्क्रमणको कारण देखाउँदै बन्द रहेको बझाङ चीन जोड्ने उरैं नाका खुलेसँगै सशस्त्र प्रहरीबल नेपाल बझाङका प्रमुख जनकराज पन्तको नेतृत्वमा सशस्त्र प्रहरीले उरैं नाका र सीमास्तम्भको अनुगमन गरेको हो ।

साइपाल गाउँपालिकाको केन्द्र रहेको काँडाबाट तीन दिन पैदल हिँडेर टोलीले उरैं नाकाको ५ हजार २ सय उचाईमा रहेको पिल्लर नं २ र आसपासको क्षेत्रको अवस्था बुझ विस्तार गरेको अनुगमन टोलीका प्रमुख तथा सशस्त्र प्रहरी बल नेपाल बझाङका डिएसपी जनकराज पन्तले बताए । टोलीले सीमा क्षेत्रको अनुगमन साथै त्यस क्षेत्रमा यार्सागुम्बा टिप्न गएका मान्छेहरूको अवस्था के कस्तो छ भनेर पनि बुझ विस्तार गरेको उनको भनाइ छ ।

उरैं नाकाको २ नं सीमा स्तम्भसम्म पुगेर फर्किका सशस्त्र प्रहरी बल नेपाल बझाङका प्रमुख पन्तले सीमा स्तम्भको अवस्था त्यहाँको बाटोघाटो र सूचना सञ्चारको अवस्था, शान्ति सुरक्षा लगायतका विषयमा जानकारी गराएका छन् ।

नेपाल सरकारको तर्फबाट पहिलो पटक सीमा स्तम्भसम्म पुगेको डिएसपी पन्तको टोलीले उरैं क्षेत्रको भौगोलिक सुन्दरता,पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने बताए । साथै त्यहाँ जाने पर्यटकहरूका लागि सञ्चारको असुविधा भएकाले सञ्चार सेवाका लागि सरकारले जोड दिनुपर्ने उनको भनाइ छ । साथै उनले सीमा क्षेत्रमा एकीकृत सुरक्षा टोली स्थापना गर्नुपर्ने समेत बताए ।

**साइपालका स्थानीयमा बढ्यो उत्साह**

वि.सं २०७६ सालमा कोरोनाको कारण देखाउँदै बन्द रहेको उरैं नाका खुल्ने भएसँगै साइपालका स्थानीयहरुमा ठूलो उत्साह बढेको छ । साइपाल गाउँपालिकामा करिब २ हजार ८ सय मानिसको बसोबास रहेको छ । यहाँ आलु, जौँर र कोदो मात्र उत्पादन हुँदै आएको छ । स्थानीय उत्पादनले मुस्किलले दुई-तीन महिनाको मात्र माग धान्ने स्थानीयको भनाइ छ । नाका बन्द भएसँगै सीमावर्ती क्षेत्रसँग जोडिएको साइपालका स्थानीयको जनजीवन कष्टकर हुँदै आएको छ । साइपाल गाउँपालिकाका अधिकांश जनता खाद्यान्न लगायत दैनिक उपभोग्य वस्तुका लागि सीमावर्ती चिनियाँ बजारमा निर्भर हुँदै आएका थिए ।

साइपालका नागरिकले उत्पादन गरेका चौरीको दूध, घ्यू, भेडाको ऊन, काठका सामग्री र जडीबुटीलगायत चिनियाँ बजारमा बिक्री गर्न चिनियाँ बजारमा लाँदै आएका स्थानीय घुरन बोहराले बताए । उरैं नाकाबाट मुख्य गरी स्थानीय उत्पादन तथा दैनिक जीविकाका सामग्रीको व्यापार हुँदै आएको थियो । उरैं नाका साइपाल गाउँपालिका- ४ मा पर्छ । साइपाल गाउँपालिकामा अझैं पनि सडक सञ्जाल पुगेको छैन । बोहराले भने, 'अहिले पनि सडक पुगेको स्थानमा पुग्न दुई दिन हिँड्नुपर्छ । साइपाल निकै विकट स्थानमा भएकाले सदरमुकामबाट चामल, नुन, तेल, चिनीलगायत दैनिक अत्यावश्यक वस्तुको आपूर्ति गर्न असहज छ । हामीले पहिले दैनिक आवश्यकताका वस्तु चिनियाँ बजारमा खरिद गरेर ल्याउने गरेका थियौं' उनले थपे,'कोरोना महामारीका बेला नाका बन्द भएसँगै साह्रै नै सकस भएको थियो । नाका खुलेसँगै अब साइपाल मात्रै हैन बझाङका नागरिकको जनजीवन सहज हुने आशासँगै हामी उत्साहित भएका छौं ।' धार्मीक आस्थाका हिसाबले लांगा, मष्टा लगायतका देवताहरुलाई चढाउनका लागि सोही नाका भएर मानसरोवरबाट जल ल्याउन जाने गरिएको भएपनि नाका बन्द भएपछि जल ल्याउन असहज भएर नगएका र नाका खुला भएपछि सहज हुने समेत स्थानीयहरु बताउँछन् । कोरोना सङ्क्रमणका कारण वि.सं.२०७६ साल यता उक्त नाका बन्द छ ।

# एमाले अर्घाखाँचीको अधिवेशनको तयारी तीव्र

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ जेठ

नेकपा एमाले अर्घाखाँचीको नवौं जिल्ला अधिवेशनबाट नयाँ नेतृत्वकाका लागि बहालवाला अध्यक्ष र पूर्व प्रदेश सदस्यबीच प्रतिस्पर्धी हुने देखिएको छ ।

जेठ २६ र २७ गते सन्धिखर्कमा हुने अधिवेशनबाट सर्वसम्मत नेतृत्व छान्ने पार्टी नेताहरुले तयारी गरेपनि आकांक्षीहरुको व्यवस्थापन गर्न नसक्दा त्यो सम्भावना कम देखिएको छ । नयाँ नेतृत्वका लागि वर्तमान अध्यक्ष पिताम्वर भुसाल पुनः एक कार्यकाल आफैंले नेतृत्व लिने तयारीका साथ लागेका छन् । उनले आफ्नो कार्यकालमा धेरै राम्रो काम गरेका कारण पनि एकपटक नेतृत्वको अवसर आफूले पाउनुपर्ने तर्क प्रतिनिधिका बीचमा र नेताहरुसँग राखिरहेका छन् ।

भुसाल एमाले अर्घाखाँचीको २०७८ पुसमा भएको ९ औं अधिवेशनबाट जिल्ला अध्यक्षमा निर्वाचित भएका हुन् । उनको यो कार्यकालमा स्थानीय तथा संघ र प्रदेशको चुनावमा पार्टीले यस अघिभन्दा राम्रो स्थान ल्याएको भन्दै केही नेताहरुले प्रशंसा गरेका छन् ।

यसैगरी आगामी नेतृत्वका लागि यसअघि प्रदेश सदस्य बनेका प्रतिस्पर्धी प्रेमनारायण गैरे पनि बलियो दावेदारका रुपमा अगाडि सरेका छन् ।

एमाले अर्घाखाँचीमा विभिन्न




जनवर्गीय संगठन र पार्टीको लामो राजनीति गरेका गैरे अनेर स्ववियुको जिल्ला अध्यक्ष पाणिनी क्याम्पस स्ववियु सभापति अनेर स्ववियुको केन्द्रीय सदस्य पार्टी जिल्ला सदस्य, उपसचिव हुँदै पार्टीको प्रदेश कमिटी सदस्य बनिसकेका अनुभवी युवाहरुले रुचाएका नेताको रुपमा परिचित छन् । गत अधिवेशनमा समेत अध्यक्षका लागि उम्मेदवार बन्ने चर्चामा रहेका गैरे वर्तमान अध्यक्ष भुसाल पार्टी जिल्ला सचिव पराजित हुँदा उनकै गुटबाट उपसचिवमा धेरै मत लिएर निर्वाचित हुने नेता हुन् ।

यसपटक आफूले जिल्लाको नेतृत्व पाउनुपर्ने गैरेको दावी रहेको छ । अर्घाखाँची जिल्लामा पार्टीको संगठन विस्तार र विभिन्न निकायसँगको समन्वयकारी भूमिका राख्न दख्खल रहेका गैरे यसपटक जिल्लाको नेतृत्व आफूले पाउनेमा आशावादी छन् ।

यस्तै एमाले अर्घाखाँचीका उपाध्यक्ष रहेका ईश्वरा पोखेलले भने, 'कुन पदमा लड्ने भन्ने अझैं बाहिर चर्चामा आएको छैन ।' एमालेमा अर्घाखाँचीको नेतृत्व आफूले पाउनुपर्ने र त्यो अवसर प्रदान गर्न पार्टीभित्र माहोल बनाउन लागिरहेको नेता भुसाल र गैरे दुवैले दावी गर्छन् । भुसालले विभिन्न समयमा भएका संसदीय निर्वाचन स्थानीय निर्वाचनमा एमालेतर्फबाट नेतृत्वदायी भूमिका खेलको कारण अर्घाखाँचीमा सफलता पाएकाले पनि एकपटक भुसाललाई दोहोऱ्योउनुपर्ने भुसाल निकटका नेताहरुले बताए ।

पार्टीको सेल कमिटी, गाउँ कमिटी, जिल्ला कमिटी उपसचिव हुँदै हालसम्म विभिन्न समयमा योगदान गरेकाले अहिलेको नेतृत्व आफूले पाउनुपर्ने नेता प्रेम गैरेले बताए । अधिवेशनबाट अन्य पदका आकांक्षीहरु पनि उस्तै बढी भएकाले सर्वसम्मत बनाउन चुनौति थपिएको नेताहरुले बताएका छन् ।

उपाध्यक्षमा खास गरी वर्तमान उपसचिव शम्भु पोखेलको चर्चा छ । सचिव, उपसचिव, जिल्ला कमिटी सदस्यका लागि पनि धेरैले तयारी गरेका छन् ।

मुख्यगरी सचिव पदमा पनि चुनाव भएमा प्रतिस्पर्धा पेचिलो हुने देखिएको छ । सचिव पदमा समेत नेताहरु खुलेरै प्रचार-प्रसारमा जुटेका छन् । नेकपा एमाले सचिवालय सदस्य तथा जिल्ला निर्वाचन विभाग प्रमुख सन्धिखर्क नगरकमिटीका अध्यक्ष श्रीकृष्ण भुसाल र वर्तमान सचिव तोज बहादुर रायमाझी आकांक्षी छन् ।

उनीहरुबीचमा चुनाव भएमा निकै प्रतिस्पर्धा हुने कार्यकर्ता बीचमा चर्चा छ । चुनाव हुने सम्भावना नभएको केही नेताहरु बताउँछन् ।

अधिवेशन मितिसम्म यो संख्या पनि बढ्ने नेताहरुको आँकलन छ । जिल्लाको दक्षिणी क्षेत्रबाट नेताहरुले खासै दावी गरेका छैनन् । दावी कम छ । जसका कारण पनि शितगंगा नगरपालिका क्षेत्रबाटै पदाधिकारीमा आकांक्षी कम देखिएका छन् । उपसचिवका आकांक्षीहरु एक दर्जनभन्दा बढी छन् । उनीहरु व्यक्तिगत ढंगले प्रचार-प्रसारलाई जोड दिएका भएपनि खुलेर प्रचार गरेका छैनन् ।

अधिवेशनको उद्घाटनका लागि पार्टी अध्यक्ष केपी शर्मा ओलीलेलाई निमन्त्रणा गरिए पनि ओली आउने सम्भावना कम छ । ओली नआए उपाध्यक्ष बिष्णु पौडेल वा महासचिव शंकर पोखेल तथा पार्टीले खटाएको प्रतिनिधि नेतामध्ये एक जना नेताले उद्घाटन गर्ने गरी तयारी तीव्र पारिएको एमाले अर्घाखाँचीले जनाएको छ । अधिवेशनका लागि जिल्लाका ६१ वडा र २३ वटा जनवर्गीय संगठन तथा आयोजक कमिटी गरी सात सय बढी प्रतिनिधिहरु सहभागी हुँदैछन् ।


## UAE मा रोजगार

**कम्पनी : KAPICO INVESTMENT CO. LLC**
**शहर : UAE**

पूर्व स्वीकृत मितिः २०८१/०२/२१ | चलानी नं.: ६०२२०४७४ | LT. No.: 305730

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Installer | 8 | 0 | | 1500 | ५४,४२० | | | | | | | |
| 3. | Office Boy. | 5 | 0 | | 1000 | ३६,२८० | | | | | | | |
| 4. | Warehouse Worker | 7 | 0 | | 1000 | ३६,२८० | | | | | | | |

**२. कम्पनी : WHITE SHIELD SECURITY SERVICE LLC** — **शहर : UAE**

पूर्व स्वीकृत मितिः २०८१/०२/२१ | चलानी नं.: ६०२२०४७६ | LT. No.: 305732

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 80 | 0 | स. काममा दक्ष | 1200 | ४३,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**३. कम्पनी : SEC GULF SECURITY SERVICES** — **शहर : UAE**

पूर्व स्वीकृत मितिः २०८१/०२/२१ | चलानी नं.: ६०२२०४७५ | LT. No.: 305731

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 13 | 12 | स. काममा दक्ष | 1200 | ४३,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २९ गते (11 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३ को निःशुल्क अन्यको १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075

**SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
**(साविक सुर्खेत ओभरसिज प्रा.लि)**
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com


## तेमाल गाउँपालीका
### गाउँकार्यपालिकाको कार्यालय
**पोखरीनारायणस्थान, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०२/२२**

यस कार्यालयबाट मिति २०८१/०१/०९ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तेमाल गाउँपालिका अन्तर्गत **Procurement & Supply of Fabrication Package for Trial Bridge at ward 01** निर्माण गर्ने कार्य (ठेक्का नं. **NCB/G/TRM/Kavre/11/080/81**) का लागि सूचना अनुसार पर्न आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मू.अ क सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | NCB/G/TRM/Kavre/11/080/81 | Procurement & Supply of Fabrication Package for Trial Bridge at ward 01 | lumbini engineering works pvt.ltd, Butwal | १०,२१,३३३/८७ (दश लाख एकाइस हजार तीन सय तेतिस रुपैया सतासी पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘योजना खरिद–बिक्रीको बजेट आए समर्थन फिर्ता हुन्छ’

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २१ जेठ

नेकपा एमाले प्रदेश संसदीय दलका नेता एवं पूर्व मुख्यमन्त्री राजेन्द्रसिंह रावलले मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई योजना खरिदबिक्रीको बजेट नल्याउन चेतावनी दिएका छन् ।

योजना किन्ने र बिक्री गर्नेको बजारमा बिगबिगी देखिएकाले बजेट बनाउँदा जनअपेक्षाको ख्याल गरिनुपर्ने उनले बताए ।

मुख्यमन्त्री सोडारीले बिचौलिया पोस्ने खालको बजेट ल्याए समर्थन गर्न नसकिने एमालेले स्पष्ट पारेको छ । सरकारमा बसेर जनपक्षीय काम गर्ने अवस्था नबने नेकपा एमालेले प्रदेश सरकार छोड्ने चेतावनी दिएको छ । सुदूरपश्चिममा नेकपा एकीकृत समाजवादीबाट मुख्यमन्त्री बनेका सोडारी नेतृत्वको सरकारलाई समर्थन गरेर पनि एमाले अहिलेसम्म सरकारमा सहभागी भने भएको छैन । मुख्यमन्त्री सोडारीलाई नेकपा एमालेले योजना खरिद-बिक्री नगर्न चेतावनी दिएको छ । जनपक्षीय बजेट निर्माण गर्न एमालेले प्रदेश सरकारको ध्यानाकर्षण गराएको नेकपा एमाले प्रदेश संसदीय दलका नेता एवं पूर्व मुख्यमन्त्री रावलले बताए ।



‘योजना किन्ने र बेच्नेहरूको यहाँ बजारमा बिगबिगी छ । बिचौलियाको होइन, आम जनताको बजेट हुनुपर्छ, सर्वहारा वर्गको बजेट हुनुपर्छ, किसानको बजेट हुनुपर्छ’, रावलले भने ।

बजेट निर्माण गर्दा सरकारले बनाएको मापदण्ड र बजेट निर्माणका आधारहरूको पालना गरिनुपर्ने एमालेको धारणाबारे मुख्यमन्त्री सोडारीलाई लिखित रुपमै अवगत गराइएको एमालेको दाबी छ ।

आम सर्वसाधारणको पक्षमा जनमुखी बजेट निर्माण र कार्यान्वयनमा इमानदारी हुनुपर्ने एमालेको धारणा रहेको एमाले दलका नेता रावले बताए । ‘बजेट निर्माण र कार्यान्वयन विधिसम्मत होस्, नीतिसम्मत होस्। बजेटमा जनताका सरोकार प्रतिबिम्बित हुनुपर्छ’, उनले भने, ‘गरिव समुदाय, पिछडिएका मुक्तकमैया र कम्लहरीका पक्षमा बजेट आउँछ कि आउँदैन ।’ एमालेका लागि सरकारमा सहभागी हुने कुरा ठूलो नभएको तर्क समेत गरिएको छ । नीति तथा कार्यक्रम अनुसार जनपक्षीय बजेट ल्याउन मुख्यमन्त्री असफल भए सरकारलाई दिएको समर्थन नै फिर्ता लिने रावलले बताए ।

‘जुन दिन हामीलाई लाग्छ कि यो कार्यान्वयनमा बाधा हुन्छ त्यो दिन सरकार छोड्ने होस सरकार ठूलो कुरा होइन’, उनले भने, ‘सरकारमा भातभान्साका लागि जाने होइन, जनताका निमित्त काम गर्न जाने हो । म त स्पष्ट भन्ने हो जुन दिन लाग्यो पार्टी अध्यक्ष कहाँ गएर सिधैं भन्ने हो सरकारमा बस्न सकिन्न ।’ आइतबार प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रम पेस गरेको छ ।


## अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८१/०२/२२**

नेपाल सरकारवाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Europe Asia Manpower HR Solution Pvt.Ltd.** (श्रम इजाजत पत्र नं. 1661/080/081) यस प्रा. लि. को आधिकारिक व्यक्ति वाहेक अन्य कसै सँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोवार गर्दा यस प्रा.लि. को लेखा शाखाबाट मात्र गर्ने र अन्यथा गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्धारा जानकारी गराउँदछौं । साथै यस प्रा.लि को नाममा कुनै अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोवार गरे गराएमा यस प्रा.लि जिम्मेवार नहुने पनि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Europe Asia Manpower HR Solution Pvt.LTd.**
Gov Lic.No 1661/080/081
Tokha-07, Opposite of Police Petrol Pump.
(Nearby Green City Hospital, Kathmandu, Nepal)
Phone No: 01-5920786


## ठगीको आरोपमा ६ जना पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ जेठ

गरिव असहाय एवं विपन्न व्यक्तिहरुलाई विभिन्न प्रलोभन देखाउँदै रकम ठगी गरेको आरोपमा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ।

जिल्लाको माधवनारायण नगरपालिका वडा नम्वर ८ रजवडाका गरिव असहाय विपन्न दलित परिवारका सदस्यहरुलाई झुठो सपना देखाएर आकर्षक घर बनाइने भन्दै रकम ठगी गरेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार पक्राउ पर्नेमा माधवनारायण नगरपालिका वडा नम्वर ७ लौकाहा गाउँ बस्ने ५२ वर्षीय रामनाथ माझी, ३२ वर्षीय प्रकाश माझी, गरुडा नपा ९ गेडहीगुठीका २५ वर्षीय सिकिन्द्र ठाकुर लोहार, वडा नम्वर ५ शिवनगरका ७१ वर्षीय मुगलाल महरा, वडा नम्वर ९ का ४५ वर्षीया रामकली देवी रहेकी छन् ।

उनीहरुले रजवाडा टोलस्थित विपन्न वर्गका मानिसहरुलाई मधेश प्रदेशको शहरी विकास मन्त्रालयले गरिव र विपन्न वर्गका परिवारलाई आवास बनाइदिने कार्यादेश प्राप्त भएको छ भनी विभिन्न लोभ प्रलोभन देखाइ प्रति घरपरिवारसँग दश हजारदेखि चालिस हजारसम्म रकम असुल गरेको पाइएको प्रहरीले जनाएको छ। ठगी गर्नेहरुलाई जेठ १९ गते पक्राउ गरी अनुसन्धान पश्चात ठगी कसुर ऐन अन्तर्गत कारवाही चलाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

## कटहरिया नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रौतहट
मधेश प्रदेश, नेपाल

### गर्मीबाट बच्न नगरबासीमा अनुरोध

**१. चर्को गर्मीमा घरबाहिर नजानुहोस् :**
दिनको सबैभन्दा तातो समय सामान्यतः दिउँसो १२ बजे र ४ बजेको बीचमा हुन्छ। यो समयमा बाहिर नजानुहोस चर्को गर्मीमा घर बाहिर जानै पर्ने काम परेमा टोपी र छाताको प्रयोग गर्नुहोस ।

**२. हाइड्रेशनः**
गर्मी मौषममा हाम्रो शरीरको सबैभन्दा राम्रो साथी भनेको पानी हो । प्रयाप्त मात्रामा पानी पिउनाले हाम्रो शरीरलाई विभिन्न तरिकाबाट फाइदा दिने गर्दछ । तपाईलाई तिर्खा नलागेको भए ता पनि हाइड्रेटेड रहनको लागि नियमित रूपमा पानी पिउने गर्नुहोस् । सामान्यतया प्रति दिन लगभग ८ कप (६४ औंस) पानी पिउनु शरीरका लागि उत्तम मानिन्छ । पानीले तिर्खा मेटाउने काम मात्र गर्दैन, यसले हाम्रो शरीरको तापक्रम नियन्त्रण गर्न पनि मद्दत गर्छ । गर्मीबाट बच्ने पहिलो उपाय भनेको नियमित रुपमा पानी सेवन गर्ने हो । हाइड्रेशन हाम्रो छालाबाट पनि हुने हुँदा चिसो पानीले पनि नुहाउदा पनि यसले गर्मीको प्रभाव कम गर्न सकिन्छ ।

**३. पार्क वा सितल भएको ठाउँमा बस्नुहोस :**
चर्को घाम लागीरहेको बेला सकेसम्म छत, रुख वा छाताको छायामा बस्नुहोस् । घर भित्र बसिरहनुभएको छ भने पंखा वा एसीको शितलतामा बस्नुहोस् । प्रत्यक्ष सूर्यको किरणबाट बच्नाले गर्मीमा हुने जोखिमलाई उल्लेखनीय रूपमा कम गर्न सकिन्छ । गर्मीबाट छुटकारको लागि हरियाली र पर्याप्त छाया भएको पार्कहरू, बगैंचाहरू, वा तालहरूमा जानुहोस् । प्रकृतिसँग जोडिनुले तपाईंलाई शान्त रहन मात्र मद्दत गर्दैन, तपाईंको दिमाग र मनलाई पनि आनन्दित हुन मद्दत गर्दछ ।

**४. कपडाको छनौटः**
कपडाको छनौटले पनि गर्मीयाममा हामीलाई गर्मीको प्रकोपबाट बचाउने गर्दछ । विशेष गरी गाढा रङका लुगाहरूको साटो हल्का, लुज-फिटिंग कपडाहरू लगाउने गरेमा पनि गर्मीको जोखिम कम हुने गर्दछ । कपास वा लिनेन जस्ता कपडाहरू लगाउने गर्नुहोस्, किनकि तिनीहरूमा हावाको संचार राम्रो हुन्छ र तपाईंको शरीरलाई धेरै तातो हुनबाट रोक्दछ ।

**५. खानेकुराहरूः**
गर्मीयाममा विशेषत हामीले शरीर चिसो बनाउने खानेकुरा वा फलफूल जस्तै खर्बुजा, काक्रो, नरिवल, सुन्तला, कागती, अंगुर, भुइकटर, अनार, अम्बा, आदि खाने गर्नु पर्दछ । यस्ता फलफूलले पनि शरीरलाई हाईड्रेट गर्ने गर्दछन् । त्यसै गरी अदुवा, बेसार, मरिच, तोरी, लगायत शरीरलाई गर्मी गर्ने खानेकुराहरूलाई कम गर्नु पर्दछ ।

**६. घर शितल बनाउनेः**
आफ्नो बस्ने ठाउँलाई प्रत्यक्ष सूर्यको किरणबाट जोगाउन पर्दा वा ब्लाइन्डहरू प्रयोग गर्नुहोस् । इलेक्ट्रोनिक सामाग्री प्रयोग नभएको बेला बन्द गर्ने र घरमा हावाको बहावलाई सञ्चालन गर्नु पर्दछ । साथ साथै गर्मीको जोखिमबाट बच्नका लागि घर वरपर रुख बिरुवाहरू रोप्ने गर्नु पर्दछ । जस कारण घर वरपरको वातावरणलाई शितल बनाउने गर्दछ ।

## Chhatradev Rural Municipality
## Office Of Rural Municipal Executive
Chhatragunj, Arghakhanchi

### Invitation For Sealed Quotations

**Date of publication: 2081/02/22 (04 June, 2024)**

1. Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Veterinary Lab Equipment, IFB No.:- CRM/ARG/SQ/G/14/080/81.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi or may visit PPMO website www.bolpatra.gov.np./egp.
3. Sealed Quotations Forms should submit their bids electronically only by eligible Bidders upon payment of a non-refundable fee of 1000 Nrs. Bidder who chooses to submit their electronically shall deposit the cost of bidding document in the account specified below:
   Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
   Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
   Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)
4. Sealed bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hours on 2081/03/05 (19 June, 2024). Bids received after this deadline will be rejected.
5. Sealed Quotations will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hours on 2081/03/05 (19 June, 2024) at the office of Chhatradev Rural Municipality, Office of Rural Municipal Executive. Bids must be valid for a period of 45 daysafter bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum NRs 17,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
   Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
   Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
   Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.


## युएई र साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः **TRANSGULF READYMIX CONCRETE LLC** शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/२१ चलानी नं.: ६०२२०४६८ LT. No.: 305682

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 39 | 0 | स. काममा दक्ष | 1800 | ६३,९५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ ३१ र ३२ गते (13 & 14 June 2024) मा हुनेछ ।

UAE तथा GCC लाइसेन्स भएकालाई विशेष प्राथमिकता दिइनेछ ।

कम्पनीः **JAL HUMAN RESOURCES CO** शहरः Saudi Arabia, Dammam
पूर्व स्वीकृत मितिः २०८०/११/२२ चलानी नं.: ६०२१५९९७ LT. No.: 301112 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker/Helper | 21 | 0 | स. काममा दक्ष | 1000 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २९ गते (11 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,००० युएइको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978, 9818168234
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



## साउदी र कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Innovative contractors for advanced dimensions company** शहरः Riyadh
पूर्व स्वीकृत मिति : २०८१/०२/२० चलानी नं.: ६०२२०४६९ LT. No.: 305698

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A Builder | 1 | 0 | स. काममा दक्ष | 3000 | १०६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **Re Sustainability Dulsco Services** शहरः Doha
पूर्व स्वीकृत मिति : २०८०/०२/१९ चलानी नं.: ६०२०२४६४ LT. No.: 287090 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ जेठ २९ गते (11 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ३. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ४. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ५. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं. ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताचिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029



## SAUDI मा रोजगार

कम्पनीः **NAKHEEL HAJAR DATES EST.** शहरः Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०२/२१ चलानी नं.: ६०२२०४५९ L.T. No.: 305575

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २९ गते (11 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**एसिया प्यासिफिक रिक्रुटमेण्ट सर्भिस प्रा. लि.** श्रम ई.नं. : ५१२/०६१/०६२
बसुन्धारा, काठमाण्डौ, फोन : ४३६०५९८, ९८५१०६७६६३, Email : uddabg2@gmail.com



## कतारमा रोजगारको अवसर

कम्पनीः **SMWTHY FAKTWRY** शहरः DOHA
पूर्व स्वीकृत मितिः२०८०/१०/२६ चलानी नं.:६०२१४६०२ LT. No.:299508 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 4 | 0 | | 1400 | ५१,१८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २९ गते (11 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Radium International Employment Services Pvt. Ltd.**
श्रम इजाजत नं. ९६८/०६७/०६८
Baneshwor, Kathmandu, Tel. : 4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com


## Invitation for Online Quotations

## Shivasatakshi Municipality
## Office Of The Municipal Executive
Koshi Province, Jhapa


**2nd Date of publication: 2081/02/22 (04-June-2024)**

1. Shivasatakshi Municipality invite quotations for the Following Procurement as specified in Procurement Act 2063 and Regulation 2064.

| Contract Number | Description of Work | Bid doc Fee | Bid Validity Period | Minmum Bid Security Amount | Bid Security Validity Period | Deadline for Submission Of Bid | Opening Of Bid |
|---|---|---|---|---|---|---|---|
| 09/SM/SQ/ goods/2080/081 | Suply and delivery Of Chilling Vat with storage tank and other tools | Nrs 1000 | 45 days After Bid opening | Nrs 49,000 | 30 days Beyond Validity of Bid | 19-June-2024 12:00 Hours | 19-June-2024 14:00 Hours |

2. **Information to deposit the cost of Bidding document in Bank**
   **Name of the Bank: Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch**
   **Name of Office: Shivasatakshi Municipality**
   **Office Account no.: 29601400000017**
3. If Bidder wishes to submit the Cash Security, the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
4. A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality, Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२२ जेठ २०८१, मंगलबार
4 June 2024, Tuesday

## सम्पादकीय

## मतभेद होइन, समन्वयको खाँचो

प्रमुख सत्तारूढ नेकपा एमाले र काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहबीच सार्वजनिक रूपमै आरोप–प्रत्यारोप चलिरहेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक अभिव्यक्ति मार्फत् बालेनको विरोध गरेका थिए । ओलीको संकेत पाएपछि एमालेका कार्यकर्ता सडक प्रदर्शनमा उत्रने र मेयर बालेनलाई असहयोगको नीति लिएको देखिन्छ । देशकै पूर्वप्रधानमन्त्री एवं प्रमुख सत्तारूढ दलकै अध्यक्षले महानगरको मेयरविरूद्ध पुरा शक्ति लगाएर उत्रिनु परेको संभवतः यो पहिलो राजनीतिक घटना हो । किनकि देशकै प्रमुख नेता एवं पूर्वप्रधानमन्त्रीको अगाडि एक जना मेयरसँग धेरै सीमा हुन्छन् । मेयरले गर्न सक्ने र गर्न नसक्ने निर्णय संविधानतः सीमाबद्ध हुन्छन् । तर व्यवहारमा भने एमाले र मेयर बालेन आमने–सामने देखिन पुगेका छन् ।

जबकी राजधानी शहर रहेको मेयरलाई देशका प्रमुख नेताहरूको साथ हुनुपर्ने हो । राजधानीका मेयरले पनि प्रधानमन्त्री सहित देशका ठूला शक्तिहरूको साथ लिएर अगाडि बढ्दा राम्रो हुने हो । तर गैरदलीय उम्मेद्वारी दिएर मेयर जितेका बालेन दलहरूप्रति चरम अहिष्णु छन् । उनी लगातार दलहरूप्रति चर्को आक्रोश पोख्दै आएका छन् । त्यही आक्रोश मेयर जित्ने आधार समेत थियो । तर मेयर जितेपछि पनि लगातार दलहरूप्रति चर्को आक्रोश पोख्ने क्रममा बलियो शक्ति एमालेविरूद्ध बालेन भिड्न पुगेका छन् । विशेषगरी एमालेले नेतृत्व गरेको भौतिक पूर्वाधार एवं यातायात मन्त्रीसँगै बालेन भिड्न पुगेपछि मतभेद सतहमा आएको छ । मेयर बालेनसँग संघीय सत्ताको नेतृत्वकर्ता शक्तिहरूसँग देखिएको मतभेद पहिलो पटक होइन । सिंहदरबार र यसको नेतृत्वकर्ताप्रति मेयर बालेनले लगातार आक्रोश पोख्दै आएका छन् ।

मेयर बालेनको सिको अरूतिर समेत हुन थालेको छ । त्यो भनेको संघीय र प्रदेश सरकारसँग समन्वय नभएर भिडेर अस्तित्व निर्माणको विकल्प स्थानीय सरकारहरूले अपनाउन थालेको देखिन्छ । जबकी तीन तहकै सरकारलाई संविधानले एकअर्काको अधिकार र समन्वयबारे प्रष्ट पारिदिएको छ । संविधानले दिएको अधिकार बमोजिम कार्य सम्पादन तीन तहकै सरकारको दायित्व हो । तर एकले अर्कालाई खराब देखाउने प्रवृत्ति हाबी हुँदै गएको देखिन्छ । त्यस्तो प्रवृत्तिको अगुवाई स्वतन्त्र जितेका मेयरहरूले गरिरहेका छन् । काठमाडौंमा बालेन र धरानमा हर्क साम्पाङ्ले संघीय सरकारसँग भिड्ने नीति लिएको छ । सामाजिक सञ्जालको साहरा लिएर उनीहरूले मतभेदमै र मुकाबिलामा आफ्नो स्पेश देखिरहेका छन् । तर जसरी चुनाव जितेपनि कार्य सम्पादनका क्रममा आवश्यक समन्वय जरूरी विषय हो ।

# प्रदूषित नैतिकताभित्र रुमलिएको राजनीति

*सत्ताका टिकाउनका लागि दल फुटाउने, दल जुटाउने काममै फुर्सद नभएका नेतृत्वकर्ताले कसरी समृद्धि ल्याउलान् र जनताले सुख पाउलान् ? राजनीतिलाई उत्कृष्ट समाजसेवा बनाउने होइन, सात पुस्ता कुमल्याउने हतियार बनाउन खोजेपछि त्यस्तो फोहोरभित्र सङ्लो नैतिकता खोजेर कहाँ पाउनु ?*

अग्रलेख



● गोविन्द विक

राजनीतिभित्रको नैतिकता प्रदूषित बन्दै गइरहेको छ । राजनैतिक दलहरूमा जनस्तरका सवालमा भन्दा पनि सत्ताका सवालमा लुछाचुँडी गर्ने पुरानै प्रवृत्ति तिब्ररूपमा देखिँदै गएको छ । नयाँ पुराना सबै सत्ता र शक्तिका लागि सिद्धान्त नैतिकता सबै बिर्सेर आफू अनुकूलका गतिविधिमा रुमलिँदा आजको पुस्तालाई राजनीतिप्रति वितृष्णा बढ्दै गएको छ । राजनीति भनेको लुट्ने, ठग्ने, अपराधी जोगाउने, घुसखोरी, भ्रष्टाचार गर्ने, आफ्ना आफन्तलाई उच्च तहमा सेटल गराउने हतियारको रूपमा विकास हुँदै गएको तितो यथार्थ जीवितै छँदैछ ।

लोकतन्त्र स्थापनाका लागि सबैभन्दा धेरै योगदान गरेर ऐतिहासिक विरासत बोकेको दल नेपाली कांग्रेसले सहकारी ठगीको आरोप लागेका रास्वपाका सभापति रवि लामिछानेमाथि छानबिन हुनुपर्छ भनेर संसद्मा बबन्डर मच्चायो । करिब तीन महिनाजति संसद्मा सत्ता पक्ष प्रतिपक्षको रडाको हेर्न लायक बन्यो । सत्ता पक्ष प्रतिपक्ष मुलुक र जनताप्रति कोही पनि जिम्मेवार भएको चरित्रमा देखिएन । कांग्रेस एमाले रास्वपा समाजवादी राप्रपालगायत सबै दलहरू एउटै देखिए, सिद्धान्त विचार फरक-फरक भए पनि सत्ताका लागि जतासुकै जे पनि गर्ने अवस्था दलहरूमा देखिनु दुःखद पक्ष हो । काण्ड नभएको एउटा पनि दल छैनन् । कसैको सहकारी काण्ड, कसैको सुन काण्ड, कसैको गिरीबन्धु काण्ड, कसैको शरणार्थी काण्ड, कसैको ओम्नी काण्ड, कसैको जिउँदै मान्छेलाई भाला रोपेर मार्ने काण्ड, सबैको काण्ड छ । काण्ड नभएका दल कुनै पनि छैनन् ।

एकले अर्काको काण्डको ढाकछोप गर्ने दौडमा दलहरूले एकले अर्काको काँध थापिरहेका हुन्छन्, अहिले भएको सत्य यही नै हो । रास्वपाका सभापति उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले सहकारी ठगेको भन्ने आरोपले संसद् मुठभेडको अवस्थामा पुग्यो । सत्ता पक्षका नेताहरूले रविलाई जोगाए भनेर रोइलो गरे, अहिले छानविन समिति बनाउने सहमति भएपछि केही हदसम्म समस्याको समाधान भएको छ तर, तीन महिनासम्म संसद्मा नाराबाजी र हल्ला गरेर भत्ता चाहीँ लिने प्रवृत्तिलाई के भन्ने ? जनताको मुद्दामा न सत्ता पक्ष गम्भीर छ, न त प्रतिपक्ष । दुबै आ-आफ्नो अडानमा शक्ति देखाउने प्रवृत्तिले तीन महिना खेर गयो यसको जिम्मा कसले लिने ? लोकतान्त्रिक धारको नेतृत्व गर्ने हुनाले नेपाली कांग्रेसलाई अलिक जिम्मेवार दलको रूपमा लिनु स्वभाविक हो तर, चरित्रमा त्यस्तो देखिएन ।

राणा शासनको अन्त्य पञ्चायतको अन्त्य दलबिहीन व्यवस्थाको अवसान गर्नका लागि नेपाली कांग्रेसले ठूलो जिम्मेवारी बहन गरेको इतिहासले बोल्छ । वि.सं. २०१५ सालमा नेपालमा पहिलो पटक निर्वाचन हुँदा एक सय नौ निर्वाचन क्षेत्रमध्ये कांग्रेसले एक्लै ७४ सिट जितेको थियो । उसबेलाको समयमा नै कांग्रेसले बहुमत ल्याएर आफ्नै नेतृत्वमा सरकार बनाएको थियो । नेपालको इतिहासमा पहिलो जननिर्वाचित प्रधानमन्त्री नै नेपाली कांग्रेस दलका नेता वि.पि. कोइराला थिए, भन्ने कुराको इतिहास जीवित छ । तर, कांग्रेस जिम्मेवार नभएको हो की भन्ने देखियो । अहिले पनि कांग्रेसले सत्ता फुत्किएको बेचैन लुकाउन नजान्दा अस्थिर राजनीतिको आशंका त्यत्तिकै उब्जीराखेको छ । विपक्ष दलहरू निरन्तर बैठकमा छन्, यसको संकेत राम्रो छैन ।




नेपाली कांग्रेस विपक्षीहरूको साथ खोजिराखेको छ । विपक्षीहरूले साथ दिए भने कसैलाई प्रधानमन्त्री बनाउने र फेरि वर्तमान गठबन्धन भत्काउने र आफू सत्तामा बस्ने दाउ कांग्रेसको छ । उता सत्तामा भएका दलहरूलाई विपक्षहरूले समीकरण गरेर सत्ता भत्काउलान् भन्ने चिन्ता धेरै छ । यस प्रवृत्तिले के देखाउँछ भने सत्ताभन्दा बाहिर हुनेलाई कसरी सत्तामा जाने भन्ने मात्रै ध्यान हुने भयो भने सत्ता पक्षलाई कसरी सत्ता जोगाउने भन्ने धाउन्न मात्रै हुने भने जनताको समस्या देशको समस्याका लागि दलहरूले कहिले समय दिने ? मुलुकमा भ्रष्टाचारले देशलाई खोक्रो बनाइसकेको छ । धन्न स्थानीय तह भएर विकासका सानातिना कामहरू रोकिएका छैनन्, नत्र विकासका काम सबै ठप्प हुने अवस्था छ । बेरोजगार चुलिएको छ । महँगीले हुँदा खाने जनताको ढाड सेकेको छ । सुशासनको कुरा कता हरायो पत्तो छैन । सदियौंदेखि समाजमा पिँधमा विभेदको सिकार भइरहेको समुदाय जहाँको त्यही छ । निम्नस्तरका नागरिकको अवस्था झन्-झन् गरिबीको खाडलमा धसिइरहेको छ । जनस्तरको चिन्ता र चासो न सत्ता पक्ष दललाई छ न प्रतिपक्ष दललाई छ । के यही रमिताको लागि ल्याएको व्यवस्था हो यो ? आम नागरिकको लागि यही प्रश्न उठिरहेको छ अहिले ।

सत्ता पक्ष र प्रतिपक्षको छिना झम्टीका कारण संसदीय व्यवस्थामाथि नै संकटको अवस्था नआउला भन्न सकिन्न । दलभित्रैको चरित्र लोकतन्त्र हुँदैन भने त्यस्तो दल लोकतन्त्रको सारथी कहिलै बन्न सक्दैन । यसअघिको सरकारले पनि व्यक्तिगत स्वार्थ दलगत स्वार्थका कारण संसद् नै भत्काउनु परेको थियो संसद् भत्काउँदा सर्वोच्च अदालतले परमादेश जारी गरी विपक्ष दलका नेतालाई प्रधानमन्त्री नियुक्त गर्न आदेश गरेको थियो । त्यसबेला पनि राजनैतिक अस्थिरता चुलिएको थियो । जुन कुराले स्वयम् दललाई त हानी गऱ्यो नै मुलुकलाई समेत हानी गरेको थियो । राजनैतिक दलका नेतृत्वकर्ताले जबसम्म दलगत स्वार्थभन्दा बाहिर आएर काम गर्न सक्दैनन्, तबसम्म विकास र समृद्धिका कुरा सपना मात्रै बन्ने पक्का छ । कुनै पनि दलहरू दूधले नुहाएका छैनन् भन्ने सबैलाई छर्लङ्ग भएको छ । दलहरूको ओरालो लागेको नैतिकताका कारण कुनै पनि दलमाथि विश्वास गर्ने आधार समाप्त भइसकेका छन् । यी दलहरूका व्यवहार र चरित्रले गर्दा राजनीतिमा आएर मुलुक र जनताका लागि केही परिवर्तन गर्छु, जनताको अवस्था बदल्छु भन्नेको लागि पनि बाटाहरु बन्द भएका छन् । दलहरूको व्यवहार सच्चिनु जरुरी छ । कि व्यवहार सच्याउने कि आफैलाई सकाउने दलहरूको लागि सबैभन्दा ठूलो चुनौति नै यही हो । केन्द्रको सत्ता समीकरण हल्लिने बित्तिकै त्यसको सर्को प्रदेशमा पनि जान्छ ।

सत्ताका टिकाउनका लागि दल फुटाउने, दल जुटाउने काममै फुर्सद नभएका नेतृत्वकर्ताले कसरी समृद्धि ल्याउलान् र जनताले सुख पाउलान् ? राजनीतिलाई उत्कृष्ट समाजसेवा बनाउने होइन, सात पुस्ता कुमल्याउने हतियार बनाउन खोजेपछि त्यस्तो फोहोरभित्र सङ्लो नैतिकता खोजेर कहाँ पाउनु ? कसैलाई प्रधानमन्त्री बनिरहने मात्रै हुटहुटी जसरी हुन्छ, फुटाएर जुटाएर प्रधानमन्त्री भइरहनु पर्ने कसैलाई सत्तामै गइहाल्ने रहर छ, जनमत जतासुकै होस्, दुई चार जना सांसद बोकेर भएपनि सत्ताको भागीदार भइहाल्नु पर्ने कसैलाई चुनावको नजिक आफ्नै दल सरकारमा जसरी नी हुनुपऱ्यो भन्ने खोंचे थापेर बिठ्याइँ गरिरहने यी र यस्ता दलहरूका अव्यवहारिक चरित्रले गर्दा आज राजनीतिको नैतिकता प्रदूषणले भरिएको छ, जसले अस्थिरता मात्रै आफ्नो सफलता देख्छ ।

## सामाजिक सञ्जाल



**- सरोज पोखरेल**

सडक विभागले गैंडाकोट र बुटवलबीचको सडक देखेन । महानगर पालिकाभित्रको नयाँ सडक देखेछ । यो त सरासर बालेनसँग जोरी खोजे जस्तो देखियो । बालेनसँग जनता छन् । पार्टीका अन्धभक्त कार्यकर्ता होइनन् । यसरी जोरी खोज्नेलाई ठोरीका भगवान रामले पनि बचाउन नसक्लान् कि ?



**- भूषण दाहाल**

'बा' र न्युरोड पुटपाथको 'लेन' झगडाले नेपालमा भ्याँङ्गि रहेको असहिष्णुताको ज्वलन्त उदाहरण पेश गरेको छ । कार्यकर्ता होइन जनता खुशी पार्ने काममा यस्तो होड भइदिए खुशी नेपाली समुन्नत नेपाल भैसक्ने थियो होला । राजधानीमा आफ्नो शक्ति कसिमा घोटिरहँदा देशले के सोंचिरहेछ त्यसको हेक्का छ ?



**- चन्द्रमणी अधिकारी**

कर सम्बन्धी विषयमा स्पष्ट नीति पनि बनेनन्, फुटकररूपमा रहेका नीतिको पालना पनि भएन । यसको प्रमाण आर्थिक परिस्थितिमा परिवर्तन नभएकै अवस्थामा पनि एउटा अर्थमन्त्रीले एउटा वस्तुमा भन्सार, अन्तशुल्क, मुअक लगाउँछन् वा बढाउँछन् अर्को आएपछि उनले बिना तर्क एउटाको झिक्छन् अर्कोमा लगाउँछन् ।



**- चन्द्र श्रेष्ठ**

नीति-योजना भट्याउँदै गर्दा सुनिदा जति नै सुन्दर कर्णप्रीय भए तापनि दीर्घकालीन एवम् प्रभावकारी बनाउन यदि बनाउन सकिँदैन भने त्यसले अर्थ राख्दैन भन्ने ज्वलन्त उदाहरण विगतलाई फर्किएर हेर्ने हो भने यसै प्रष्ट देख्न सकिन्छ नि, होइन र ! उदाहरणः शिक्षा, स्वास्थ एवम् रोजगारीले कुरीकुरी गर्दै !

# सुर्तीजन्य पदार्थविरुद्धको अभियानमा स्थानीय तह

विचार



● सन्देश जोशी

*विकास भनेको सडक बनाउनु, विद्यालय भवन निर्माण गर्नु, पुल बनाउनु, अस्पताल भवन बनाउनु मात्र होइन । आफ्नो क्षेत्रभित्र बसोबास गर्ने नागरिकलाई निरोगी बनाउने जिम्मेवारी पनि सरकारको हो । भनिन्छ, रोग लागेपछि उपचार गराउनुभन्दा रोग लाग्न नै नदिनु राम्रो उपाय हो । हो, स्थानीय सरकारले पनि स्वास्थ्य समाज निर्माणका लागि रोग लाग्नै नदिने उपायमा जोड दिनुपर्छ ।*

सुर्तीजन्य पदार्थको सेवन न्यूनिकरणलाई संघीय र प्रदेश सरकारसँगै स्थानीय सरकारले पनि आफ्नो प्राथमिकतामा राख्न थालेका छन् । सुर्तीजन्य पदार्थ नियन्त्रण गर्ने, यसको सेवन न्यूनीकरण गर्ने र यसका विषयमा जनचेतना बिस्तार गर्ने काम केन्द्रीय सरकारको मात्र नभएर स्थानीय सरकारको पनि हो भन्ने मानसिकता विकास भएपछि अहिले देशका थुप्रै स्थानीय सरकारले सुर्तीजन्य पदार्थ न्यूनीकरण र यसको सेवनकर्ताको संख्या घटाउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् । सात सय ५३ स्थानीय तहहरू मध्ये केहीले सुर्तीजन्य पदार्थको न्यूनीकरणका लागि बजेट नै विनियोजन गरेर काम गरिरहेका छन् भने केहीले यसलाई प्राथमिकता दिने योजनामा छन् ।

यद्यपि, हालसम्म यस अभियानमा केही स्थानीय तहले मात्रै ठोस कदम चालेका छन् । कानुनअनुसार सुर्तीमुक्त क्षेत्र घोषणा गर्ने स्थानीय पालिकामध्ये ललितपुर महानगरपालिका अग्रस्थानमा आउँछ । ललितपुर महानगरपालिकाले एक वर्ष पहिले नै महानगरपालिकालाई सुर्तीमुक्त पालिका भनेर घोषणा गरेको थियो । यसले देशभरी नै सकारात्मक सन्देश प्रभाव गरेको थियो । ललितपुरले जस्तै सिद्धार्थ नगरपालिकाले पनि पालिका क्षेत्रलाई गुट्खा मुक्त पालिका बनाएको छ । कसैले बिक्रीबितरण गरेको पाइए पालिकाले कारबाही गर्ने गरेको छ । यस्तै, तिलोत्तमा नगरपालिकाले पनि गुट्खाविरुद्ध अभियान चलाएको छ ।

पछिल्लो समय काठमाडौं महानगरपालिकाले पनि सुर्तीजन्य पदार्थ नियन्त्रण तथा निगमन ऐन २०६८ को प्रभावकारी कार्यन्वयनका लागि सूचना प्रकाशित गर्दै सार्वजनिक स्थलमा धूम्रपान गरे कानुनअनुसार कारबाही गर्ने जनाएको छ । काठमाडौं महानगरपालिकामा मेयर बालेन्द्र साहले सडक किनारामा नाङ्लो पहल थापेर चुरोट, खैनी, गुट्खा बेच्ने पसलेहरूलाई हटाएर सुर्तीजन्य पदार्थको सेवनमा न्यूनीकरणमा काम गरेका छन् । अहिले काठमाडौंका फुटपाथमा चुरोट किन्न पाइँदैन । किनकी त्यहाँ पसल थापेर चुरोट, सुर्ती बेच्ने पसले नै हटाइसकेका छन् । नियममा कडाइ गरेको महानगरपालिकाका विभिन्न वडाहरूले आफ्नो क्षेत्रमा रहेका स्कुलका विद्यार्थी र शिक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । महानगरपालिकाका भित्रका सरकारी स्कुलका विद्यार्थीहरूलाई आफू पनि सुर्तिजन्य पदार्थको लतमा नफस्न र घरमा आमाबुबा यसको लतमा लागेको भए उनीहरूलाई यसको लतबाट छुटाउन खेल्नु पर्ने भूमिकाका विषयमा चिकित्सकसमेतलाई संलग्न गराएर सचेतना कार्यक्रम सञ्चालन गरेको छ ।

कानुनअनुसार स्कुल र अस्पताल वरिपरि सुर्तीजन्य पदार्थको बिक्रीबितरण गर्न नपाइने नियमलाई पनि काठमाडौं महानगरपालिकाले कडाइका साथ लागू गर्न थालेको छ । भरतपुर महानगरपालिकाले पनि सुर्तीजन्य पदार्थ मुक्त महानगर बनाउने अभियानका साथ काम गरिरहेको छ । भरतपुर जस्तै विराटनगर महानगरपालिका पनि जिम्मेवार ढंगले लागिरहेको छ ।

स्थानीय सरकारले विकास भनेको सडक बनाउनु, विद्यालय भवन निर्माण गर्नु, पुल बनाउनु र अस्पताल भवन बनाउनु मात्र होइन । जनप्रतिनिधिले आफ्नो स्थानीय निकायभित्र बसोबास गर्ने नागरिकलाई निरोगी बनाउने जिम्मेवारी पनि बहन गर्नुपर्छ । भनिन्छ, रोग लागेपछि उपचार गराउनुभन्दा रोग लाग्न नै नदिनु राम्रो उपाय हो । हो, स्थानीय सरकारले पनि स्वास्थ्य समाज निर्माणका लागि रोग लाग्नै नदिने उपायमा जोड दिनुपर्छ । पछिल्ला समय नसर्ने रोग (क्यान्सर, उच्च रक्तचाप, मिर्गौला रोग, मधुमेह, कलेजोको रोग) को प्रकोप बढ्दै गइरहेको छ । फोक्सोको क्यान्सरलगायतका रोगको प्रमुख कारण सुर्तीजन्य पदार्थको प्रयोग हो । सरकारले क्यान्सर, मुटु, मिर्गौलालगायतका रोगको उपचारमा एक लाख रुपैयाँ बराबरको उपचार खर्च दिने गरेको छ । त्यसको लागि बिरामी विपन्न भएको सिफारिस पत्र स्थानीय निकायले गर्नुपर्छ । त्यसकारण रोग लाग्ने अवस्था बन्नै नदिने अभियानमा स्थानीय तह लाग्नुपर्छ । सरकारले निर्माण गरेको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा निगमन गर्ने ऐन, २०६८ लाई पूर्णरूपमा कार्यन्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारले लिन पर्छ ।

स्थानीय सरकार मातहतका सम्पूर्ण कार्यालयले आ-आफ्नो कार्यालयलाई सुर्तीजन्य पदार्थ मुक्त क्षेत्र बनाउँदै लगेपछि बिस्तारै यसको सेवन गर्नेको संख्या घट्दै जानेछ । केन्द्र सरकारले पनि स्थानीय सरकारलाई ऐन कार्यान्वयनमा भइरहेका बाधा व्यवधान हटाउन सहयोग गर्नुपर्छ । राम्रो काम गर्ने स्थानीय निकायलाई प्रोत्साहन र पुरस्कार पनि प्रदान गर्नु आवश्यक छ । ग्लोबल बर्डन अफ डिजिज, २०२१ अनुसार नेपालमा वर्षेनी ३९ हजार जनाको मृत्यु सुर्तीजन्य पदार्थ सेवनका कारण हुने रोगका कारण हुने गरेको छ । स्वास्थ्य अनुसन्धान परिषद्को तथ्यांकअनुसार नेपालमा २८ प्रतिशतले सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेका छन् । सुर्तीजन्य पदार्थ नियन्त्रण कार्यक्रमलाई आफ्नो प्राथमिकताका साथ लागू गर्नुपर्छ । कानूनले कुनै पनि मिडियामा कुनै पनि बहानामा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न पाइँदैन ।

यद्यपि, स्थानीय स्तरका चिया पसलदेखि रेस्टुरेन्टहरूमा दुई वटा खिल्ली चुरोटको यति रुपैयाँ वा एक खिल्लीको यति रुपैयाँ भनेर विज्ञापन गरिएको पाइन्छ । यसले युवा युवतीलाई मात्र नभएर बालबालिकालाई पनि सुर्तीजन्य पदार्थ सेवनको लतमा फस्ने सम्भावना बढ्ने गरेको देखाउँछ । स्थानीय निकायले यसमा पनि ध्यान दिनु जरुरी छ । कुनै पनि बहानामा कतै पनि सुर्तीजन्य पदार्थको विषयमा विज्ञापन गर्न पाइँदैन । यसका साथै, १८ वर्षभन्दा कम उमेरका बालबालिका र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थको बिक्रीबितरणमा लगाउन नहुने कानूनको पनि कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीयको हो । यसका देशका सात सय ५३ वटै स्थानीय सरकारले पहल गर्नुपर्छ । स्थानीय सरकारको सहयोग, पहल र जिम्मेवारीबोध बिना सुर्तीजन्य पदार्थसहित नेपाल कल्पना गर्न सकिँदैन । तीन वटै सरकार यो अभियानमा हातेमालो गर्नु आवश्यक छ ।

## तपाईंको राशिफल

- मेष : दैनिक कार्यहरू सफल हुनेछ । शान्तिमा वृद्धि हुने योग छ ।
- वृष : कार्यमा प्रगति हुनेछ । वाहन चलाउँदा सावधानी राख्नुहोला ।
- मिथुन : मुकद्मा सम्बन्धी समस्याको योग छ । वाणी संयम जरुरी छ ।
- कर्कट : वाहन प्राप्तिको योग छ । विपरीतलिंगीसँग मित्रता हुनेछ ।
- सिंह : अर्कामाथि भरोसा नगर्नुहोला । विवाद हुने योग छ ।
- कन्या : पराक्रममा वृद्धि हुनेछ । जीवनसाथीको राम्रो सहयोग प्राप्त हुनेछ ।
- तुला : यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुने योग छ ।
- वृश्चिक : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरूमा वृद्धि हुनेछ ।
- धनु : धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ ।
- मकर : भवन निर्माणमा खर्च हुनेछ । सन्तुलित आहार लिन राम्रो हुनेछ ।
- कुम्भ : महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य लाभ हुने योग छ ।
- मीन : पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# नारायणी अस्पतालमा बिनादरबन्दी कार्यरत ४७ जनालाई जागिरबाट हटाइयो




**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, २१ जेठ

वीरगञ्जको नारायणी अस्पतालले दरबन्दी बेगर कार्यरत चिकित्सक, स्टाफ नर्ससहित एकैपटक ४७ जना स्वास्थ्यकर्मी र कर्मचारीलाई हटाएको छ ।

सोमबार अस्पतालका निमित्त मेसु डाक्टर एनामुल हकको अध्यक्षतामा बसेको बसेको बैठकले अस्पतालमा लामो समयदेखि दरबन्दी बेगर दैनिक ज्यालादारीमा कार्यरत ४७ जना स्वाथ्यकर्मी र कर्मचारीलााई हटाउने निर्णय गरेको अस्पतालका सूचना अधिकारी सुनिल रौनियारले जानकारी दिए । उनका अनुसार, अस्पतालबाट हटाइएकामा आठौं तहका मेडिकल अधिकृत चिकित्सक ११ जना,सातौं तहका मेडिकल अधिकृत १ जना, स्टाफ नर्स १२ जना, हेल्थ असिस्टेन्ट ३ जना, रेडियोग्राफर ५ जना, अहेब चार जना, कार्यालय सहयोगी ७ जना लगायतका रहेका छन् ।

अस्पताल प्रशासनले सोमबार जारी गरेको सूचनामा अस्पतालमा दरबन्दी बेगर नियुक्त भई दैनिक ज्यालादारीमा कामकाज गरिरहेका ४७ जना स्वासथ्यकर्मी र कर्मचारीको जेठ २२ गतेदेखि सेवा अवधि समाप्त भएको निर्णय गरिएको उल्लेख छ ।

अस्पतालका निमित्त मेसु डाक्टर हकले दरबन्दी बेगर दैनिक ज्यालादारीमा कार्यरतहरुका कारण अस्पताललाई आर्थिक भार थपिएकाले उनिहरुलाई सेवाबाट हटाइएको बताए । उनले भने,' एक त दरबन्दी बेगर उनीहरु कार्यरत थिए। अर्को कुरा यति धेरै कर्मचारी अस्पताललाई आवश्यक पनि थिएन । उनीहरुलाई ६/७ महिनादेखि तलब भत्तापनि अस्पतालले खुवाउन सकिरहेको थिएन। यी सबै कारणले उनीहरुलाई सेवाबाट हटाउनु परेको हो ।'

अस्पताल स्रोतका अनुसार यसअघिका निमित्त मेसु डाक्टर चित्त रञ्जन साहको कार्यकालमा दरबन्दी बेगर दैनिक ज्यालादारीमा करिब १ सय ५० भन्दा बढी स्वास्थ्यकर्मी र कर्मचारी अस्पतालमा नियुक्त गरिएको थियो ।


## UAE मा रोजगारको अवसर।

कम्पनी : LAZOURDY CONTRACTING GENERAL MAAINTENANCE LLC
शहर : UAE

पूर्व स्वीकृत मिति: २०८१/०२/२० | चलानी नं. ६०२२०४३७ | LT. No.:305679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Layer | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २९ गते (11 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Zoom International Pvt. Ltd.
श्रम इजाजत नं. ८८५/०६७/०६८

**जुम इन्टरनेशनल प्रा. लि.**
बसुन्धारा, काठमाडौं, फोन: ४०१६६४३, ४०१६६४५,
E-mail: zoom.international855@gmail.com


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०२/२२**

**हिम लामटाङ्ग ट्राउट माछा तथा कृषि फाम प्रा.लि.**को मिति २०८१/०२/१० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गन्बा रुम्वा खलक कृषि फार्म प्रा.लि. (प्रा.लि. नं.: ८१११११)** कायम गर्ने गरी मिति २०८१/०२/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८१/०२/२२)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०२/२८

**बोलपत्र खोलिने मिति**
२०८१/०२/२९ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | अधिविकर्ष कर्जा | **ऋणी : आदित्य एण्ड कपुर अटो प्रा.लि.**<br>दर्ता.नं. : १६६६८७/०७३/०७४<br>ठेगाना : विरगंज १०, पर्सा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. तुलसी महतो**<br>(ना.प्र.नं. १६०३१८६१३, मिति २०४४/१२/०९ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : जमुना महतो धानुक<br>बाजे : दशरथ महतो धानुक<br>**२. रमपतिया धनुकाइन**<br>(ना.प्र.नं. १६०३२७६७२, मिति २०५८/०४/०८ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : तुलसी महतो धानुक<br>ससुरा : जमुना महतो धानुक<br>**३. सुरज महतो धानुक**<br>(ना.प्र.नं. ३४-०१-७३-०६६०४, मिति २०७३/०६/०७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : तुलसी महतो<br>बाजे : जमुना महतो धानुक<br>**४. राज कपुर महतो धानुक**<br>(ना.प्र.नं. ३४१६०३३३१२५, मिति २०६१/०१/२७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : तुलसी महतो<br>बाजे : जमुना महतो धानुक<br>**५. सनी कपुर महतो**<br>(ना.प्र.नं. ३४१०२२/४५४३, मिति २०६५/०७/०१ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : तुलसी महतो<br>बाजे : जमुना महतो धानुक | १. रमपतिया धनुकाइनको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला विरगंज गा.वि.स./न.पा. वडा नं. १६ स्थित कि.नं. ९३७(१५४.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. तुलसी महतोको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला विरगंज गा.वि.स./न.पा. वडा नं. १४ स्थित कि.नं. ८७३(२३२.५२ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. रामपतिया धनुकाइनको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला विरगंज गा.वि.स./न.पा. वडा नं. १४ स्थित कि.नं. ८५३ (०.००४२.६५ व.मि.) क्षेत्रफल भएका जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>बोलपत्र खोलिने स्थान :<br>शाखा कार्यालय विरगंज, पर्सा |
| २. | विविध कर्जा | **ऋणी : किस्मोन स्टोर्स**<br>प्रा.फ.र.नं. : ३४४/०७७/०७८<br>ठेगाना : भरतपुर १०, चितवन<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. ममता श्रेष्ठ**<br>(ना.प्र.नं. ०४३४६१, मिति २०६५/१२/०४ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : श्याम कृष्ण श्रेष्ठ<br>पति : किशोर घिमिरे<br>ससुरा : कृष्ण मुरारी घिमिरे<br>**२. किशोर घिमिरे**<br>(ना.प्र.नं. ०४७६४०, मिति २०६६/०७/२२ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : कृष्ण मुरारी घिमिरे<br>बाजे : सानु पशुपति घिमिरे<br>**३. सरिता घिमिरे**<br>(ना.प्र.नं. ५८१, मिति २०४५/०४/२६ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : ईन्द्र प्रसाद ढुंगाना<br>पति : कृष्ण मुरारी घिमिरे<br>ससुरा : सानु पशुपति घिमिरे | १. सरिता घिमिरेको नाममा चितवन जिल्ला मालपोत कार्यालय चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, रातापुर गा.वि.स./न.पा. वडा नं. ०२ (क) स्थित कि.नं. ८५५ (०-०-५-० विगाहा) र कि.नं. ८५१ (०-५-१५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>बोलपत्र खोलिने स्थान :<br>शाखा कार्यालय चनौली, चितवन<br>**नोट** : माथि उल्लेखित धितो बाहेक यस बैंकको नाममा दर्ता कायम रहेको Skoda Auto Volkswagen, सवारी दर्ता नं. प्रदेश ३-०१-०२४ च ७३२४ भएको सवारी साधन बैंकको कब्जामा नरहेको हुनाले उक्त सवारी साधनको लिलामी ननिकालिएको । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना** :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरि लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गारिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

## महाकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

### क्याटलग सपिङ्ग बिधिद्धारा सवारी साधन खरिद सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०२/२१**

महाकाली नगरपालिका, यस कार्यालयको आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार, 2WD Tractor with Hydraulic Trolley खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) बमोजिम उत्पादक तथा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ बमोजिम खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त, यस कार्यालयमा प्रचलित नियमानुसार सुचिकृत उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म/कम्पनी दर्ताको प्रमाण-पत्र, प्यान/भ्याट दर्ताको प्रमाण-पत्र, २०७९/८० को कर चुक्ताको प्रमाण-पत्र, Letter of Authorization र स्वघोषणा समावेश गरी खरिद नियमावली, २०६४ को नियम ३१(ख) बमोजिम खरिद उत्पादकको आधिकारिक प्राविधक प्रस्ताव, स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको बिवरण (क्याटलग) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सातौं दिन बेलुका ५:०० बजेभित्र र सातौं दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको बेलुका ५:०० बजेभित्र यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सूचिकृत उत्पादक वा आधिकारिक बिक्रेताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विवरण**

| क्र.सं. | सामानको बिवरण | संक्षिप्त बिवरण र शर्तहरु | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | 2WD Tractor with Hydraulic Trolley | 2WD Tractor with Hydraulic Trolley कार्यालयबाट स्वीकृत स्पेसिफिकेशन यस कार्यालयको वेभसाइट www.mahakalimundarchula.gov.np मा हेर्न सकिनेछ. | एक | प्रस्ताव खोल्ने समय र स्थान : मिति २०८१/०२/२७ गते बेलुका ५:३० बजे, महाकाली नगरकार्यपालिकाको कार्यालय, खलंगा, दार्चुला । |

**नि. प्रमुख प्रशासकिय अधिकृत**

## बेलडाँडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०२/२२)**

यस कार्यालयबाट मिति २०८१।०१।१४ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता भएका बोलपत्रहरुमध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्याङकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागी यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

| ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | योजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र पि.एस.सहित) |
|---|---|---|---|
| BRM/2080/81/ Works/NCB-12 | श्री गणेश निर्माण सेवा बेलौरी न.पा.४ कञ्चनपुर । | Construction of Cold store building in ward no. 02 of Beldandi Rural Municipality, Beldandi Kanchanpur. | ६९,६१,००६।२० |

**प्रमुख प्रशासकिय अधिकृत**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: CIVIL FORCE TECHNICAL SERVICES LLC | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०२/२१ | चलानी नं.: ६०२२०४४९ | L.T. No.: 305723

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Helper | 6 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३४४६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 3. | Mason | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 4. | Steel Fixer | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ जेठ २९ गते (11 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४

**Ishan** International Overseas Pvt. Ltd.
New Baneshwor-34, Kathmandu, Tel.: 01-4796201, 4796202, Fax : 01-4796203
Branch Office: Atithi Sadan Road, Birtamod, Jhapa Tel: +23-590603, 590307
Email: isonepalos@gmail.com, Web.: www.ishanintl.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२२ जेठ २०८१, मंगलबार
4 June 2024, Tuesday

# काठमाडौं मेडिकल कलेज र एनआरएनए एनसीसी कतारबीच स्वास्थ्यसम्बन्धी सम्झौता



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २१ जेठ

काठमाडौं मेडिकल कलेज र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी), कतारबीच स्वास्थ्य उपचार सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ ।

नेपाली राजदूतावासमा सोमबार एक कार्यक्रमको आयोजना गर्दै कतारका लागि नेपाली राजदूत नरेश विक्रम ढकालको रोहवरमा मेडिकल कलेज (पहिलो पक्ष) का तर्फबाट कार्यकारी अध्यक्ष सोइना शर्मा र एनसीसी (दोस्रो पक्ष) कतारका तर्फबाट अध्यक्ष रमेश भट्टले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

सम्झौता पत्रमा कतारमा कार्यरत रहँदा बिरामी भइ उपचारका लागि आर्थिक अभाव भइ नेपाल फर्कनु परेको अवस्था रहेमा अति न्यून आय भएका व्यक्तिहरूलाई एनसीसी कतारले सिफारिस गरेको बिरामीलाई सहुलियतमा उपचार गराउने उल्लेख गरिएको छ ।उपचारमा एमआरआइ, सिटी स्क्यान, शल्यक्रियाहरूसहित बहिरङ्ग विभागमा आइ जाँच गराउँदा ५० प्रतिशत छुट उपलब्ध हुने जनाइएको छ । त्यस्तै अस्पतालमा भर्ना भइ उपचार गराउँदा ५० प्रतिशत छुट उपलब्ध हुने, कतारमा काम गर्दै आएका श्रमिकको आश्रित परिवार सदस्यको हकमा अस्पताल सेवामा १५ प्रतिशत छुट उपलब्ध हुने भएको छ ।

उपचारका लागि कतारबाट आउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजसम्म बिरामी आउँदा प्रथम पक्षको एम्बुलेन्स प्रयोग गरिएको खण्डमा शुल्क मात्र ५ सय रुपैयाँ मात्र लाग्ने, उपचारको लागि आउने बिरामीले अनिवार्य रूपमा आफ्नो परिचय खुल्ने कतारी आइडीसहित एनसीसीले बिरामीको विवरण खुलाइ सहुलियतमा उपचार गराउन जारी गरेको सिफारिस पत्र पहिलो पक्ष अर्थात् अस्पताललाई पेस गर्नुपर्ने छ ।

पत्रमा बिरामीको नाम, ठेगाना, उमेर, आर्थिक अवस्था स्पष्ट खुलाइएको हुनुपर्नेछ ।

कतारमा कार्यरत नेपालीको आश्रित परिवार सदस्यको हकमा कतारमा कार्यरत नेपालीको परिचय खुल्ने कागजात र बिरामी सँगको नाता खुल्ने कागजात अनिवार्य पेस गर्नु पर्नेछ ।

पहिलो पक्षले दोस्रो पक्षको सिफारिसमा आउने बिरामीहरूको उपचारमा विशेष ध्यान दिइ उपचार सेवा प्रदान गर्ने सम्झौता पत्रमा उल्लेख गरिएको छ ।

उक्त सुविधाहरू क्याबिन बाहेक अस्पताल सेवामा मात्र उपलब्ध हुने र औषधी, औषधीजन्य सामग्री, इन्प्लाण्ट, स्टेण्ट, पेसमेकर जस्ता सामानहरूमा सुविधा उपलब्ध नहुने स्पष्ट पारिएको छ । उक्त सम्झौता भएको मितिबाट लागु भइ २०८२ साल असार मसान्तसम्म कायम रहनेछ। सम्झौता पत्र हस्ताक्षर कार्यक्रममा बोल्दै राजदूत ढकालले अस्पताल परिवारप्रति आभार व्यक्त गरे । ढकालले दूतावासले सदैव श्रमिकका पक्षमा काम गरिरहेको र कतारमा रहेका विभिन्न संघसंस्थासँग समन्वय गर्दै कार्य सम्पादन गरिरहेको बताए ।

आफ्ना भनाइ राख्दै मोरङ क्षेत्र नं. ३ बाट संघीय सांसद समेत रहेका सञ्चालक सुनिल कुमार शर्माले न्यून आय भएका कामदारको उपचारमा अस्पताल व्यवहारिक रूपमा प्रतिवद्ध रहेको बताए ।

न्यून आय भएका श्रमिक र उनका परिवारले समेत लाभ लिन सक्ने हुँदा यो सम्झौता कोशेढुंगा सावित हुने एनसीसी कतारका अध्यक्ष भट्टले मध्यान्हलाई जानकारी दिए ।

उनले एनसीसीले निष्पक्ष रूपमा न्यून आय भए/नभएको पहिचान गरी सिफारिस गर्ने प्रतिवद्धता व्यक्त गरे । लामो समयदेखि एनसीसीले नेपाल सरकार समक्ष श्रमिक अस्पतालको माग गरिरहेको बताए ।

पहिलो पक्षकातर्फबाट सल्लाहकार इन्दिरा शर्मा (बराल) र दोस्रो पक्षका तर्फबाट एनसीसी कतारका प्रथम उपाध्यक्ष तथा श्रमिक विभाग संयोजक कृष्ण पन्थीले साक्षीका रूपमा हस्ताक्षर गरेका थिए। कार्यक्रममा नियोग उपप्रमुख कुमार राई, नेपाल व्यवसायी संघ कतारका अध्यक्ष महेन्द्र चम्लागाईसहित एनआरएनए आइसीसी सदस्य, एनसीसी कतारका सल्लाहकारहरू, एनसीसीका पदाधिकारीसहित पत्रकारको उपस्थिति रहेको थियो ।


## भूल सुधार

मिति २०८१/०२/१९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यूएईमा रोजगारको अवसर शिर्षक, कम्पनी नामः **STAR LIGHT SECURITY GUARD,** L.T. No.: 290684, चलानी नं.: **६०२०५९५८, पूर्व स्वीकृत मितिः २०८०/०४/२५** को विज्ञापनमा कामदारको पद Cleaners महिला १४ र Bus Monitor महिला २७ हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

**जुम इन्टरनेशनल प्रा. लि.**
बसुन्धारा, काठमाडौं, फोन: ४०१६६८३, ४०१६६८५,
E-mail: zoom.international855@gmail.com


# उदयपुरमा हायस दुर्घटना हुँदा १० जना घाइते

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २१ जेठ

उदयपुरको त्रियुगा नगरपालिका-७ कालिखोला सिरुटारमा हायस दुर्घटना हुँदा १० जना घाइते भएका छन् ।

सोमबार काठमाडौंबाट ईटहरीतर्फ आउँदै गरेको बा ५ ख ६२१३ नम्बरको हायस दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय उदपुरका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक राजन चापागाईले बताए ।

काठमाडौंबाट १६ जना यात्रु लिएर आउँदै गरेको हायसको यान्त्रिक समस्याका कारण दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

घाइतेहरुको जिल्ला अस्पताल उदयपुरमा उपचार भइरहेको र गम्भीर घाइते सुनसरी जिल्ला रामधुनी नगरपालिका ४ लालपुर बस्ने ७० वर्षीया राधा कार्की र सोही नगरपालिका २ बस्ने होमनाथ ओझालाई विपी प्रतिष्ठान धरान रेफर गरिएको प्रहरीले जनाएको छ।


## कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना

टेष्ट राइड प्रा.लि.(प्रा.लि.नं. २७४३८३) को मिति २०८१ जेठ ११ गते सम्पन्न विशेष साधारण सभाले विशेष प्रस्ताव पारित गरि कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोहि ऐनको दफा १३१ बमोजिम कार्य गर्न लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति पछि प्राप्त दाबी विरोध उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**दुर्ग प्रसाद खनाल (लिक्विडेटर)** प्रमाण पत्र नं.: ५१७
सम्पर्क नं. ९८५११२५६००, काठमाडौं, नेपाल ।



## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

### निम्न माध्यमिक र माध्यमिक तहको लागि करार शिक्षक पदपूर्ति सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०२/२२)**

प्रस्तुत विषयमा नगरपालिकाको मिति २०८१/०२/२१ गतेको निर्णयानुसार यस नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी रिक्त रहको हुँदा उक्त पदहरु करार सेवामा पदपूर्ति गर्नका लागि तपसिल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस नगरपालिकाको राजश्व शाखामा आवेदन दस्तुर बुझाई सो को सक्कल भौचर आवेदन साथ संलग्न गरी यस कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः-**

| विज्ञापन नं | संख्या | पद | तह | विषय | किसिम | परीक्षा दस्तुर | तलब स्केल | परीक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 15/2080/081 | 1 | शिक्षक | मा. वि. | विज्ञान | राहत | ११००/- | नेपाल सरकारले तोके बमोजिम | लिखित (सामान्य र विषयगत) तथा अन्तरवार्ता | |
| 16/2080/081 | 1 | शिक्षक | नि.मा.वि. | नेपाली | राहत | ५००/- | नेपाल सरकारले तोके बमोजिम | लिखित (सामान्य र विषयगत) तथा अन्तरवार्ता | |

आयोगबाट प्रकाशित करार सूचिका उम्मेद्वारहरु मध्ये रंगेली नगरपालिकाभित्रका उम्मेद्वारलाई पहिलो प्राथमिकतामा राखि नियुक्तिका लागि सिफारिस गरिनेछ ।

करार सूचिमा सूचिकृत उम्मेद्वारले दरखास्त नभरेमा मात्र खुल्ला प्रतिस्पर्धा गराइनेछ ।

**दरखास्त पाउने स्थानः-** नगरपालिकाको राजश्व शाखा

**न्यूनतम शैक्षिक योग्यताः** निम्न माध्यमिक तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरहको परीक्षा र माध्यमिक तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

**उमेरको हदः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**पाठ्यक्रमः** सामान्य र विषयगत परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**दरखास्त दिने अन्तिम मितिः** २०८१ असार ४ गते कार्यालय समयसम्म । दरखास्त दिने अन्तिम मितिमा विदा पर्न गएमा भोलिपल्ट आवेदन बुझिनेछ ।

**परीक्षाको केन्द्रः** रंगेली नगरपालिका

**परीक्षा मितिः** पछि तोकिनेछ ।

**आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः-**

१. आवेदन फाराम साथ परीक्षार्थीहरुले नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी थान १ पेश गर्नुपर्नेछ ।
२. एस.एल.सी देखि आफू अध्ययन गरेको कक्षाको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी थान १
३. अध्यापन अनुमतिपत्रको प्रतिलिपी थान १
४. पासपोर्ट साइजको फोटो थान ३

यस सम्बन्धमा थप केही कुरा बुझ्न परेमा नगरपालिका शिक्षा शाखामा सम्पर्क राख्न सकिनेछ ।

**पदपूर्ति समिति**



## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (ब.सु.पु.)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८१/०२/२२**

यस कार्यालयबाट मिति २०८१/०१/०४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रित पुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम सम्वन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सि. नं. | बोलपत्र नं. र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पि.यस सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | 26/NCB/MB/WORKS/2080/81, Madhyabindu Hupsekot sadak Istharunatti, Madhyabindu-09 | Pranish Construction, Bharatpur-11, Chitwan | 38,44,379.75 | |

**प्रमुख प्रशासकीय अधिकृत**



## समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance — Partnership for Prosperity
**Samriddhi Finance Company Limited**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**रजिष्टर्ड केन्द्रिय कार्यालयः** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

### धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रिका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८१/०२/२२**

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखि, कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तिय संस्थालाई समय-समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको र पटक-पटक मौखिक, लिखित, फोन तथा एस.एम.एस. मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यसअघि राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचि सम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असूली तथा गैह्र बैंकिङ्ग सम्पत्ति बिक्रि सम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्रि गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धीत ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला । उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समय भित्र आई पुग्ने गरी निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थामा ३६ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धीत ऋणी, धितोधनि तथा जमानतीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धीत प्रतिनिधि, सम्बन्धीत ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्न छैन । लिलामी कारबाही प्रक्रिया यस वित्तिय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरु तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दै दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| ऋणी तथा धितोको विवरण | कर्जा शिर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नामः राजेन्द्र पाखिन**<br>बाजेःहिरालाल पाखिन<br>बाबुः फलाम सिंह पाखिन<br>स्थायी ठेगानाः धनगढि गा.वि.स./उ.म.न.पा.वडा नं.०८, सिराहा जिल्ला<br>अस्थायी ठेगानाः इमाडोल न.पा.वडा नं.०४, ललितपुर<br>नागरिकता नंः १२६<br>जारी जिल्ला/मितिः सिराहा, २०५१/०३/२१<br>**धितो विवरणः** रौतहट जिल्ला चन्द्रनिगाहपुर नगर/गा.वि.स.वडा नं.०१ सिट नं.१ख कि.नं.११२२ क्षे.फ.०-३-१५-० (विघा) म्याग्दी जिल्ला दाना गा.वि.स./न.पा. वडा नं.४ कि.नं. १२६ क्षे.फ. ०-१२-०-० (रोपनी) | व्यक्तिगत अधिविकर्ष कर्जा, पुतलिसडक | **नामः राधिका पाखिन**<br>बाबुः सार्की सिंह घिसिङ्ग<br>ससुराः फलाम सिंह पाखिन<br>पतिः राजेन्द्र पाखिन<br>स्थायी ठेगानाः धनगढि गा.वि.स.-०८, सिराहा<br>अस्थायी ठेगानाः इमाडोल न.पा.वडा नं.०४, ललितपुर<br>नागरिकता नंः २५०<br>जारी जिल्ला/मितिः सिराहा, २०५३/०६/२१ |
| **नामः रियान्सि ट्रेड लिंक (Riyansi Trade Link)**<br>दर्ता नं.: ३-३५-३८२-१५५७१९/२०७७/०७८<br>दर्ता मितिः २०७७/०६/११<br>स्थायी लेखा नं.: १००५२३५०८<br>फर्मको ठेगानाः काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९ घट्टेकुलो<br>प्रोपाइटरः रमेश दास<br>**संस्थागत जमानतः रियान्सि ट्रेड लिंक** (Riyansi Trade Link), काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९ घट्टेकुलो ।<br>**धितोको विवरणः** रियान्सि ट्रेड लिङ्कको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा जग्गाधनी दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला १५ नं. बहादुर गञ्ज गा.वि.स/न.पा.वडा नं.६ कि.नं.१७४ क्षे.फ.०-१४-०-० (४७४०.९५ व.मि.)........१ | व्यवसायिक अधिविकर्ष कर्जा, पुतलिसडक | **प्रोपाईटरको नामः रमेश दास**<br>बाबुः रघु नाथ दास<br>बाजेः तेज नारायण दास<br>स्थायी ठेगानाः सप्तरी जिल्ला, राजविराज गा.वि.स /उ.म.न.पा -०४।<br>हालको ठेगानाः काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९ घट्टेकुलो ।<br>ना प्र नं.: १६५१४७, जि.प्र.का. सप्तरी, जारी मितिः २०५७/०६/१३<br>**नामः बिन्जु अधिकारी (दास)**<br>ससुराः रघु नाथ दास<br>पतिः रमेश दास<br>ना.प्र.नं.१६७१५०८, जि.प्र.का.सप्तरी जारी मिति २०५९/१०/०३<br>स्थायी ठेगानाः सप्तरी जिल्ला, राजविराज गा.वि.स /उ.म.न.पा -०४।<br>हालको ठेगानाः काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९ घट्टेकुलो । |

